# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक कार्यक्रमको पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधीको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारण गर्नेलगायतका कार्य रहेका छन्। मन्त्रालय र मातहतका सरकारी तथा सङ्गठित संस्थासमेत ४६ निकायबाट सेवा प्रवाह भइरहेको छ।

१. **सरकारी कार्यालय** - मन्त्रालय र मातहतसमेत १५ सरकारी कार्यालयको निम्नानुसार रु.११ अर्ब ९८ करोड २८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु. लाखमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १०८७९८ | ३२८२ | २१३२ | ५६१६ | ११९८२८ |

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, प्रदेश र स्थानीय तहबाट खर्च भएको रु.९ अर्ब ५५ करोड ४० लाख र मन्त्रालयले संस्था/समितिलाई अनुदान निकासा दिएको रु.२१ अर्ब ३५ करोड ९४ लाख समावेश छैन

२. **लेखापरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा तथा वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय र स्वास्थ्य कर कोष सचिवालयको २०८१।८२ को सेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस हुन नआएकोले विनियोजनतर्फ रु.५४ करोड ७८ लाख ८६ हजार, राजस्वतर्फ रु.२ करोड ७६ लाख ५४ हजार, धरौटीतर्फ रु.३६ लाख २० हजार र कार्यसञ्चालन कोषतर्फ रु.५ करोड ४८ लाख ८८ हजारसमेत रु.६३ करोड १८ लाख ७० हजारको लेखापरीक्षण गरिएको छैन।

३. **सङ्गठित संस्था, समिति र अन्य संस्था** - यो वर्ष २९ सङ्गठित संस्था, समिति तथा अन्य संस्थाको रु.९२ अर्ब ६९ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ।

४. **कार्यमूलक लेखापरीक्षण** - यो वर्ष स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग र स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता विषयमा कार्यमूलक लेखापरीक्षण गरिएको छ।

५. **आवधिक योजनाको प्रगति** - राष्ट्रिय योजना आयोगबाट प्रकाशित मध्यकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रमअनुसार स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रका लागि तोकिएका प्रमुख सूचकको २०८१।८२ को अनुमानित उपलब्धि निम्नानुसार छः

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष २०७९।८० | सोह्रौं योजनाको लक्ष्य | २०८१।८२ को अनुमानित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १५१ | ८५ | १५१ |
| २ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २१ | १३ | २१ |
| ३ | पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | २२ | २५ |
| ४ | पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था | प्रतिशत | २५ | १७ | २५ |
| ५ | सडक दुर्घटनाका कारण ज्यानगुमाउने व्यक्तिको सङ्ख्या (प्रति एकलाख जनसङ्ख्यामा) | जना | ९.५ | ५ | ७.४१ |
| ६ | पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८० | ९५ | ९६ |
| ७ | स्वास्थ्यकर्मी उत्पादन (प्रतिहजार जनसङ्ख्यामा) | जना | १.९४ | ४.६४ | १.९४ |
| ८ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २१ | ७० | ३२ |
| ९ | स्वास्थ्य बिमा कार्यक्रममा नवीकरण दर | प्रतिशत | ६९ | ९० | ७० |
| १० | कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च | प्रतिशत | ५४.२ | ३८ | ५४.२ |
| ११ | ३० मिनेटको दुरीमा स्वास्थ्यसंस्था भएका घरधुरी संख्या | प्रतिशत | ७७ | ८६ | ७७ |

उल्लिखित तालिकाअनुसार मातृ मृत्युदर, नवजात शिशु मृत्युदर, पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर, पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था, तीस मिनेटको दूरीमा स्वास्थ्य संस्था भएका घरधुरी र पाँच वर्षमुनिका बच्चाहरूमध्ये जन्मदर्ता गरिएको बालबालिकालगायतका सूचकमा आधार वर्ष २०७९।८० को अवस्था यथावत् रही लक्ष्य अनुरूप प्रगति भएको पाइएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

६. **दिगो विकास लक्ष्य -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार दिगो विकास लक्ष्यअन्तर्गत सन् २०२५ सम्मका लागि देहायका प्रमुख सूचकको लक्ष्य निर्धारण गरिएकोमा सोको प्रगति निम्नानुसार छः

| क्र.सं. | सूचक | सन् २०२५ सम्मको लक्ष्य | सन् २०२२ सम्मको प्रगति |
|---|---|---|---|
| १ | पाँच वर्षमुनिका बालबालिकाको कुपोषण दर (प्रतिशत) | ५ | ७.७० |
| २ | पाँच वर्षमुनिका बालबालिकामा देखिने पुड्कोपनको (प्रतिशत) | २० | २५ |
| ३ | प्रजनन् उमेर समूहका महिलाहरूमा रक्तअल्पताको स्थिति (प्रतिशत) | १८ | ३४ |
| ४ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | ९९ | १५१ |
| ५ | दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको जन्महरूको अनुपात | ७९ | ८० |
| ६ | ५ वर्ष मुनिको बाल मृत्युदर (एक हजार जीवित जन्ममा) | २४ | ३३ |
| ७ | नवजात शिशु मृत्युदर (एक हजार जीवित जन्ममा) | १४ | २१ |
| ८ | क्षयरोग लाग्ने दर (प्रति १ लाख जनसङ्ख्यामा) | ५५ | १२६ |
| ९ | कालाजारका बिरामी (सङ्ख्या) | १०२ | २१३ |
| १० | डेङ्गुका बिरामी (सङ्ख्या) | २२८ | ५४७८४ |
| ११ | परिवार नियोजनका साधन प्रयोगकर्ता दर (प्रतिशत) | ५६ | ४३ |
| १२ | पाठेघरको क्यान्सरको निमित्त परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिला (प्रतिशत) | ६३ | ३० |
| १३ | घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार प्रतिशत | ८०.६ | ७७ |
| १४ | स्वास्थ्य बिमामा आबद्ध भएका जनसङ्ख्या (प्रतिशत) | ७५ | ३३ |
| १५ | कुष्ठरोगीका बिरामीहरू (जना) | ९११ | २२८५ |

*स्रोतः राष्ट्रिय योजना आयोग*

उल्लिखित तालिकाअनुसार मातृ मृत्यदर, नवजात शिशु मृत्युदर, ५ वर्षमुनिका बालबालिकाको मृत्युदर, पुड्कोपनको अवस्था, परिवार नियोजनका साधन प्रयोकर्ता दर, पाठेघरको क्यान्सर परीक्षण गरिएका ३० देखि ४९ वर्ष उमेरका महिला, घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सो भन्दा कम समय लाग्ने परिवारलगायतका सूचकमा लक्ष्यअनुसार प्रगति भएको छैन। लक्ष्यअनुरूप प्रगति हुने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति पुनरावलोकन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा विभिन्न नीति तर्जुमा गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकिएको छ। मन्त्रालयले मानसिक स्वास्थ्यसम्बन्धी राष्ट्रिय नीति, २०५३, राष्ट्रिय औषधी नीति, २०५१, राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२, एम्बुलेन्स सेवा सञ्चालन नीति, २०६०, राष्ट्रिय पोषण नीति तथा रणनीति, २०६१, गुणस्तरीय स्वास्थ्य सेवासम्बन्धी नीति, २०६४, राष्ट्रिय स्वास्थ्य सञ्चार नीति, २०६९, राष्ट्रिय मुख स्वास्थ्य नीति, २०७०, राष्ट्रिय स्वास्थ्य प्रयोगशाला नीति, २०६९, राष्ट्रिय रक्त सञ्चार नीति, २०६९, राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१, शहरी स्वास्थ्य नीति, २०७२, राष्ट्रिय स्वास्थ्य नीति, २०७६, राष्ट्रिय आँखा स्वास्थ्य रणनीति, (२०७९-२०८६), राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७९, राष्ट्रिय स्वास्थ्य वित्त रणनीति (२०८०-२०९०) लगायतका नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिन्छ। मन्त्रालयले कार्यान्वयनमा रहेका नीतिहरूको उपलब्धि मूल्याङ्कन गर्दै नेपालको संविधानमा उल्लेख भएको अधिकार सूची तथा सोको कार्य विस्तृतीकरण प्रतिवेदनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र किटान हुने गरी त्यस्ता नीतिमा समयसापेक्ष पुनरावलोकन हुनुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन -** बजेट वक्तव्य २०८१।८२ मा स्थानीय तहमा निर्माणाधीन आधारभूत अस्पतालमध्ये निर्माण सम्पन्न भएका पाँच, दश र पन्ध्र शय्याका आधारभूत अस्पतालको कार्यविधि तय गरी सञ्चालनमा ल्याउने उल्लेख भएकोमा निर्माण सम्पन्न भएका अस्पतालमध्ये ८३ अस्पताल सञ्चालनमा नआएका, वीर अस्पतालमा जलनको सघन उपचारको लागि आधुनिक कक्षको विस्तार, कीर्तिपुरको बर्न अस्पतालमा आधुनिक कक्षको विस्तार तथा पूर्वाधार विकास नभएको, मानसिक अस्पतालको क्षमता अभिवृद्धि र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कलेजो प्रत्यारोपण सेवा विस्तार गर्ने कार्यको कार्यान्वयन नभएको, कर्णाली, पोखरा, राप्ती तथा कोशी, नारायणी, भरतपुर, भेरी, डडेल्धुरा र गजेन्द्रनारायण सिंह अस्पतालको क्षमता विस्तार गरी ५०० शय्यामा स्तरोन्नति गरिने उल्लेख भएकोमा कार्यान्वयन भएको पाइएन। त्यसै गरी सिंहदरबार वैद्यखानाको क्षमता विस्तार नभएको, काठमाडौं विश्वविद्यालयमा सीता दाहाल मेमोरियल कलेज अफ नेचुरोपेथी एण्ड यौगिक साइन्स कलेज स्थापना र पूर्वाधार निर्माण कार्यक्रमको कार्यान्वयन भएको देखिएन। कार्यान्वयन सुनिश्चितता भएका कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।

९. **बजेट र खर्च -** मन्त्रालय र मातहत निकायका लागि यो वर्ष विनियोजित बजेट तथा खर्चको स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| क्र.सं. | बजेट | सुरु बजेट | कायम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | चालु | ३३७७४३ | ३७५४६४ | ३२९७९९ | ८७.८४ |
| २ | पुंजीगत | १२३७२० | १३७१३९ | ९३०५८ | ६७.८६ |
| | **जम्मा** | **४६१४६३** | **५१२६०३** | **४२२८५७** | **८२.४९** |

मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरण अनुसार रु.५१ अर्ब २६ करोड ३ लाख संशोधित बजेट कायम भएकोमा रु.४२ अर्ब २८ करोड ५७ लाख (८२.४९ प्रतिशत) खर्च भएको छ। खर्चमध्ये पुँजीगततर्फ ६७.८६ प्रतिशत खर्च भएको देखिएकोले विनियोजन दक्षतामा सुधार गर्नुपर्दछ।

१०. **रकमान्तर -** विनियोजन ऐन, २०८१ को दफा ५(२) अनुसार कुनै अनुदान सङ्ख्यामा बचत भएको रकम अर्थ मन्त्रालयले अपुग हुने अनुदान सङ्ख्यामा रकम सार्दा विनियोजन भएको रकमको १० प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयको लागि यो वर्षको सुरु विनियोजन रु.४६ अर्ब १४ करोड ६३ लाख रहेकोमा ११.०८ प्रतिशत रकमान्तरबाट थप गरी रु.५१ अर्ब २६ करोड ३ लाख बजेट कायम भएको छ। मन्त्रालयले रकमान्तरबाट बजेट थप गरेको भए पनि सुरु बजेटको ९१.६३ प्रतिशत खर्च गरेको छ। बजेट तर्जुमा गर्दा यथार्थपरक हुने गरी अनुमान गर्नुपर्ने र विनियोजन ऐनको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।

११. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै प्रकारका आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। यो वर्ष संयुक्त राष्ट्र सङ्घीय बाल कोष, कोरियन अन्तर्राष्ट्रिय सहयोग एजेन्सी, संयुक्त राज्य अमेरिकी अन्तर्राष्ट्रिय सहयोग एजेन्सी, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, विश्व स्वास्थ्य सङ्गठन, ग्लोबल एलायन्स, जर्मन विकास सहयोग संस्था र एसियाली विकास बैङ्कबाट ३४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न अमेरिकी डलर ६ करोड ४७ लाख ६५ हजार प्राविधिक तथा अन्य सहायता प्राप्त हुने अनुमान रहेकोमा मन्त्रालयले प्राप्त सहायताको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। मन्त्रालयले उक्त रकमको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ।

१२. **वैदेशिक सहायता -** मन्त्रालयको यस वर्षको वैदेशिक सहायता अनुमान र प्राप्तिको अवस्था देहायबमोजिम छः

(रु.लाखमा)

| क्र.सं | बजेट | सुरु अनुमान | यथार्थ प्राप्ति | प्राप्ति प्रतिशत | शोधभर्ना हुन बाँकी |
|---|---|---|---|---|---|
| १ | वैदेशिक अनुदान | ५५६५१ | ३२१९५ | ५७.८५ | (२८७१५) |
| २ | वैदेशिक ऋण | ७२०४२ | ४७९३१ | ६६.५३ | १५३७१ |
| | **जम्मा** | **१२७६९३** | **८०१२६** | **६२.७५** | **(१३३४३)** |

मन्त्रालयले यो वर्ष सोझै भुक्तानी अनुदान रु.३० करोड ७६ लाख ७५ हजार र वस्तुगत सहायता रु.१ अर्ब ७७ करोड ९८ लाख ८७ हजार प्राप्त गरेकोमा सोझै भुक्तानी अनुदान र वस्तुगत अनुदानको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। त्यसै गरी वैदेशिक ऋणतर्फ रु.१ अर्ब ५३ करोड ७१ लाख शोधभर्ना हुन बाँकी रहेको छ। वैदेशिक सहायताको अभिलेख अद्यावधिक गरी समयमा शोधभर्ना लिनुपर्दछ।

१३. **सम्पत्ति तथा जिन्सीको विवरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ (४) मा मन्त्रालय अन्तर्गतको सबै प्रकारका चल अचल सम्पत्ति र दायित्वको अभिलेख राखी सोको विवरण पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको एकीकृत वित्तीय विवरणमा मन्त्रालय र मातहत निकायको रु.१३ अर्ब ७० करोड ८४ लाखका सम्पत्ति तथा जिन्सी सामग्री देखाएकोमा महालेखा

नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा मुख्य स्टोरतर्फ रु.१२ अर्ब ३५ करोड ५५ लाख र खर्च भएर जानेतर्फ रु.१ अर्ब ३५ करोड २९ लाखसमेत रु.१३ अर्ब ७० करोड ८४ लाखको सम्पत्ति तथा जिन्सी सामग्री देखाएको छ। मन्त्रालयको वित्तीय विवरणमा रु.२ अर्ब सम्पत्ति घटी देखिएकोले यस सम्बन्धमा यकिन गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१४. **कार्य जिम्मेवारी** - नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयलाई राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानको स्थापना र नियमन, नर्सिङ होमलगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनसम्बन्धी मापदण्ड र नियमन, स्वास्थ्य सेवा तथा वस्तुको शुल्कसम्बन्धी मापदण्ड र नियमन गर्नेलगायतका जिम्मेवारी तोकिएको छ। मन्त्रालयले यस प्रयोजनका लागि स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० जारी गरेको छ। नेपालको संविधानको अनुसूचीमा स्वास्थ्यसँग सम्बन्धित अधिकार सङ्घ, प्रदेश र स्थानीय तहलाई तोकिएको छ भने प्रदेश सरकारले स्वास्थ्य सेवा ऐन र नियमावली जारी गरेको अवस्था छ। मन्त्रालयले संविधानमा उल्लेख भएको स्वास्थ्यसम्बन्धी अधिकारसूची तथा सोको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेख भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र किटान हुने गरी नीति, कानुन, मापदण्ड स्वीकृत गरी सोको नियमन गरेको पाइएन।

१५. **अनुदानको उपयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० (५) मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ। यससम्बन्धी बेहोरा निम्नानुसार छन्ः

१५.१. मन्त्रालयले यो वर्ष नेपाल आँखा अस्पताललाई रु.३ करोड ४९ लाख ८३ हजार, मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सपलाण्ट सेन्टरलाई रु.२४ करोड ५३ लाख १० हजार, त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताललाई रु.१० करोड २१ लाख २९ हजार, बी.पी.कोइराला लाइन्स नेत्र अध्ययन केन्द्रलाई रु.४ करोड ५५ लाख र नेत्र ज्योति सङ्घलाई रु.६ करोड ४७ लाख ५९ हजार अनुदान उपलब्ध गराएकोमा अनुदानको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएको छैन। त्यस्तो अनुदान तोकिएको प्रयोजनमा खर्च भए नभएको अनुगमन गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ।

१५.२. मन्त्रालयले मातहतका अस्पताल एवं प्रतिष्ठानको लागि यो वर्ष रु.२२ अर्ब ६९ करोड ४४ लाख अनुदानका लागि बजेट विनियोजन गरेकोमा रु.१९ अर्ब ८९ करोड ५६ लाख खर्च भएको देखिन्छ। मन्त्रालयले अनुदानबाट भएको उल्लिखित खर्चको उपलब्धि सम्बन्धमा अनुगमन गरेको छैन।

१६. **दरबन्दी र पदपूर्ति** - नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ७ (क) मा नेपाल स्वास्थ्य सेवाका कर्मचारीको दरबन्दी तथा पदपूर्तिसम्बन्धी व्यवस्था छ। मन्त्रालय र मातहतका सरकारी कार्यालय, बोर्ड र अस्पतालसमेत ४६ निकायमा ४ हजार २७२ दरबन्दी स्वीकृत भएकोमा ४ हजार १८३ पदपूर्ति भई ८९ पद रिक्त रहेकोमा मन्त्रालयले ८४१ पुल दरबन्दी सिर्जना गरी पदपूर्ति गरेको छ। मन्त्रालय मातहतका अस्पतालले आन्तरिक स्रोतबाट भुक्तानी हुने गरी पदपूर्ति गरेका कर्मचारीको अभिलेख मन्त्रालयमा रहेको छैन। ऐनमा भएको व्यवस्थाअनुसार कार्यबोझ विश्लेषण गरी पदपूर्ति व्यवस्थापन हुनुपर्दछ।

१७. **अस्पताल निर्माण तथा सञ्चालन -** नेपाल सरकारको २०७७।७८ को नीति तथा कार्यक्रममा भूगोल तथा जनसङ्ख्याको आधारमा हरेक स्थानीयतहमा ५ देखि १५ शय्यासम्मको आधारभूत अस्पताल स्थापना तथा स्तरोन्नति गरिने उल्लेख भएअनुरूप ६५७ आधारभूत अस्पतालमध्ये ३९६ अस्पतालको लागि रु.५८ अर्ब ७३ करोड ३३ लाख ५२ हजारको स्रोत सुनिश्चितता भई २६१ आधारभूत अस्पतालको रु.४० अर्ब ७ करोड ४७ लाख १८ हजारको स्रोत सुनिश्चितता भएको देखिएन। स्रोत सुनिश्चितता भएका ३९६ अस्पतालमा रु.२६ अर्ब ३९ करोड ९० लाख र स्रोत सुनिश्चितता नभएका २६१ अस्पतालमा रु.७ अर्ब ८१ करोड ११ लाख खर्च भई यो वर्ष ८३ अस्पतालको निर्माण कार्य सम्पन्न भएको छ। निर्माणाधीन अस्पतालको निर्माण कार्य सम्पन्न गरी जनशक्ति र उपकरणको व्यवस्थापन गर्नुपर्दछ।

१८. **प्रयोगशाला शुल्क छुट -** राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले तोकिएबमोजिमको शुल्क लिई परीक्षण गर्ने गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको २०७३।२।४ को सचिवस्तरीय निर्णयानुसार मन्त्रालय, स्वास्थ्य सेवा विभाग र जन स्वास्थ्य प्रयोगशालामा कार्यरत कर्मचारीलाई ९० प्रतिशत र कर्मचारीका परिवारलाई ५० प्रतिशतसम्म प्रयोगशाला परीक्षणमा शुल्क छुट दिने निर्णय गरेको छ। यो वर्ष १ हजार २९५ कर्मचारी र कर्मचारीका परिवारलाई रु.२६ लाख ३६ हजार शुल्क छुट दिएको छ। कानुनबमोजिम मात्र राजस्व छुट दिनुपर्दछ।

१९. **राजस्व छुट सिफारिस -** स्वास्थ्य संस्थाले पैठारी गर्ने विभिन्न स्वास्थ्य उपकरणका लागि राजस्व छुटको सिफारिस मन्त्रालयबाट हुने गरेको छ। मन्त्रालयबाट यो वर्ष २४ निजीसमेत १९७ संस्थालाई उपकरण आयातको लागि रु.३ अर्ब ५७ करोड ६० लाख १४ हजारको राजस्व छुट एवं १०२ संस्थाले रु.९४ करोड ३५ लाख मूल्यका एम्बुलेन्स आयातमा महसुल र कर छुटको सिफारिस गरेको छ। राजस्व छुट दिई पैठारी भएका मेसिन, उपकरण र सवारी साधन लक्षित वर्ग र समूहको हितमा प्रयोग भए नभएको, राजस्व छुट पाउने र नपाउने स्वास्थ्य संस्थाले लिने सेवा शुल्क फरक रहे, नरहेको सम्बन्धमा मन्त्रालयले अनुगमन गरेको छैन। राजस्व छुट पाउने संस्थाको अभिलेख राखी ती संस्थाको सेवा प्रवाहको अनुगमन गर्नुपर्दछ।

२०. **भाडा बक्यौता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा राजस्वको लेखासम्बन्धी व्यवस्था छ। पसल कवल, क्यान्टिन आदि भाडामा लिने व्यक्ति तथा संस्थाबाट सम्झौताबमोजिम तोकिएको म्यादभित्र भाडा असुल हुनुपर्दछ। गत विगत वर्षदेखि यो वर्षसम्म कोशी अस्पतालले रु.१ करोड ४८ लाख ३१ हजार, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले रु.३० लाख ५५ हजार, गजेन्द्र नारायण अस्पताल ससरीले रु.८ लाख ७१ हजारसमेत रु.१ करोड ८७ लाख ५७ हजार भाडा असुल गरेका छैनन्। सम्झौताको सर्तअनुसार भाडा असुल हुनुपर्दछ।

२१. **फरक हिसाब -** यो वर्ष मन्त्रालय मातहतका प्रतिष्ठान र अस्पतालले पेस गरेको केन्द्रीय आर्थिक विवरण र महालेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरणको अङ्कबिच देहायअनुसार फरक देखिएको छः

(रु.हजारमा)

| क्र.सं. | कार्यालयको नाम | विवरण | संस्थाको वित्तीय विवरणअनुसार | म.ले.नि.का.को एकीकृत वित्तीय विवरणअनुसार | फरक |
|---|---|---|---|---|---|
| १. | स्वास्थ्य बिमा बोर्ड | आन्तरिक र अन्य आयतर्फ | १४२३२३३८ | २७७१८१३४ | १३४८५७९६ |
| | | व्ययतर्फ | १३४८९२५४ | २६९७५०४९ | १३४८५७९५ |
| २. | सिंहदरबार वैद्यखाना | आन्तरिक र अन्य आयतर्फ | १६८८०९ | ३३२४३ | ८४५६६ |
| ३. | बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | आन्तरिक र अन्य आयतर्फ | ३०६७६१५ | ३७२९१९४ | ६६१५७९ |
| ४. | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | आन्तरिक र अन्य आयतर्फ | ९५१३५७ | ११८३२८२ | २३१९२५ |
| ५. | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | आन्तरिक र अन्य आयतर्फ | ६८८६९३ | १०१६२५० | ३२७५५७ |
| ६. | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | आन्तरिक र अन्य आयतर्फ | ४६८८३८ | ४१२२६१ | ५६५७७ |
| ७. | शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल | आन्तरिक र अन्य आयतर्फ | २८३०८६ | २७०५६६ | १२५२० |
| ८. | परोपकार प्रशुती तथा स्त्रीरोग अस्पताल | आन्तरिक र अन्य आयतर्फ | ४७४०२७ | ४५९३९९ | १४६२८ |
| ९. | भेरी अस्पताल | आन्तरिक र अन्य आयतर्फ | २१४३१६ | ५१३२६८ | २९८९५२ |
| १०. | शुशील कोइराला प्रखर क्यान्सर अस्पताल | आन्तरिक र अन्य आयतर्फ | १९८८१३ | ३१४०७० | ११५२५७ |
| ११. | भरतपुर अस्पताल | आन्तरिक र अन्य आयतर्फ | १८४४३५३६ | २४०३०१८ | ५५९४८२ |
| १२. | कान्ति बाल अस्पताल | आन्तरिक र अन्य आयतर्फ | ३७८९२४ | ११२१७६४ | ७४२८४० |
| १३. | कोशी अस्पताल | आन्तरिक र अन्य आयतर्फ | ४६३९९४ | ८४१९०८ | ३७७९१४ |
| १४. | नारायणी अस्पताल | आन्तरिक र अन्य आयतर्फ | ३०५७३५ | ५७२१४९ | २६६४१४ |
| १५. | राष्ट्रिय ट्रमा सेन्टर | आन्तरिक र अन्य आयतर्फ | ५०१२३७ | ९९१९०५ | ४९०६६८ |
| १६. | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र | आन्तरिक र अन्य आयतर्फ | २३४९५६१ | २४६५०४० | ११५४७९ |
| १७. | बी.पी.कोराला मेमोरियल क्यान्सर | आन्तरिक र अन्य आयतर्फ | ३६०८२७४ | ८०२६५५ | २८०५६१९ |
| १८. | शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र | आन्तरिक र अन्य आयतर्फ | ५१८०५२ | ११६६७२४ | ६४८६७२ |
| १९. | गजेन्द्र नारायण सिंह अस्पताल | आन्तरिक र अन्य आयतर्फ | १२८३५७ | ७३८५७३ | ६१०२२६ |

उल्लिखित संस्थाहरूको वित्तीय विवरणमा आय-व्यय फरक देखिएकोले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

२२. **आय-व्ययको लेखा -** मन्त्रालय मातहत छुट्टै ऐनद्वारा स्थापित प्रतिष्ठान र बोर्ड एवं विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना भएका १३ अस्पतालले प्रचलित कानुनबमोजिम आय-व्ययको लेखा राख्नुपर्ने व्यवस्था छ। अस्पताल तथा प्रतिष्ठानहरूले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन। स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ।

यसै गरी छुट्टै ऐनद्वारा स्थापना भएका संस्थामध्ये नेपाल फार्मेसी परिषद्, नेपाल स्वास्थ्य व्यवसायी परिषद्, नेपाल नर्सिङ परिषद्, आयुर्वेद चिकित्सा परिषद् र नेपाल मेडिकल काउन्सिलको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छैन। संसदबाट पारित ऐनबमोजिम स्थापना हुने संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने व्यवस्था हुनुपर्दछ।

## स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, नीति निर्माण लगायतका कार्यमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा पोषण, विस्तारित खोप, उपकरणहरू, परिवार नियोजन सम्बन्धी औषधी एवं साधनहरूको वितरणमा स्वास्थ्य संस्थालाई सहयोग र सहजीकरण गर्ने उद्देश्यले विभागको स्थापना भएको हो। विभागको लागि यो वर्ष रु.१० अर्ब ५० करोड २२ लाख ४ हजार बजेट विनियोजन भएकोमा वस्तुगत सहायता रु.१ अर्ब ४० करोड ३ लाख ११ हजारसमेत रु.८ अर्ब ४५ करोड ३९ लाख २२ हजार (८०.५ प्रतिशत) खर्च भएको छ।

२३. **गैरबजेटरी सहयोग -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १७ मा बजेट तथा कार्यक्रमसँग सम्बन्धित सम्झौताबमोजिम प्राप्त हुने नगद तथा वस्तुगत सहायतालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष विभागले विश्व स्वास्थ्य सङ्गठनको सोझै भुक्तानी अनुदान रु.१२ करोड ८ लाख २० हजार, युनिसेफको रु.१२ करोड ८२ लाख ८७ हजार, यू.एन.एफ.पी.ए.को रु.३ लाख ३५ हजार र युरोपियन युनियनको रु.२ करोड ३६ लाख ९० हजार वैदेशिक सहायता प्राप्त गरी परामर्श सेवा र तालिम कार्यक्रममा खर्च गरेकोमा बजेट तथा कार्यक्रममा समावेश गरेको पाइएन। सहायता रकम बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्दछ।

२४. **विपन्न नागरिक औषधी उपचार -** विपन्न नागरिक औषधी उपचार निर्देशिका, २०८० मा ८ प्रकारका रोगको उपचारमा आर्थिक सहयोग दिने व्यवस्था छ। यो वर्ष मुटु रोगी ८ हजार ४१०, मृगौला रोगी १२ हजार ७३, क्यान्सर रोग २८ हजार ६७८, पार्किन्सन रोग १०८, अल्जाइमर्स रोग ४४, स्पाइनल इन्जुरी भएका १ हजार २५३, हेड इन्जुरी भएका ९८० तथा सिकलसेल एनिमिया रोगी २ हजार ३१ समेत ५३ हजार ५७७ बिरामीको उपचार गरेको आधारमा १३६ स्वास्थ्य संस्थालाई रु.४ अर्ब ५९ करोड ८५ लाख ३२ हजार शोधभर्ना गरेको छ। आर्थिक रूपले विपन्न नागरिकलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आए तापनि विपन्नताको न्यूनतम मापदण्ड तोकेको छैन।

विपन्न नागरिकको परिचयपत्र उपलब्ध गराउने, रोगको विश्लेषण गरी लागत रकम परिमार्जन गर्ने, स्थानीयतहमा विपन्न परिवार पहिचानका लागि उपयुक्त संयन्त्र बनाउने, स्थानीयतहसम्म सचेतना कार्यक्रम सञ्चालन गर्दै स्वास्थ्य बिमा कार्यक्रमसँग आबद्ध गरी स्वास्थ्य सेवा एकद्वार प्रणालीबाट उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

२५. **खोपको उपयोग -** खोप ऐन, २०७२ को दफा १४ मा खोपको ढुवानी भण्डारण र वितरणको मापदण्डसम्बन्धी व्यवस्था छ। विभागले उपलब्ध गराएको विवरणअनुसार १० प्रकारका खोपको खेर जाने दर परीक्षण गर्दा ५४ लाख ६८ हजार २९५ जनालाई खोप लगाउँदा रु.४१ करोड ४ लाख ८२ हजार मूल्य बराबरको खोप खेर गएको छ। सोमध्ये बी.सी.जी.खोप ८२ प्रतिशत तथा अन्य खोपहरू औसतमा ३६ प्रतिशत खेर गएको देखिन्छ। स्वीकृत मापदण्डअनुसार खोपको उपयोग गरी खेरजाने दरमा न्यूनीकरण गर्नुपर्दछ।

२६. **मालसामान मौज्दात -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ (५) मा आवश्यकताभन्दा बढी हुने जिन्सी मालसामान खरिद गर्न नहुने व्यवस्था छ। विभागले विभिन्न आपूर्तकबाट रु.२ करोड ४२ लाख ५४ हजारका ७ प्रकारका १३३ थान मेसिन, उपकरण खरिद गरी मौज्दातमा राखेको छ। उक्त मेसिन तथा उपकरणको वारेन्टी अवधि निश्चित हुने हुँदा खरिद भएका मालसामान प्रयोगमा ल्याउनुपर्दछ।

२७. **इम्प्लाण्ट खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ। विभागले २०७९।८० मा ५ वर्षसम्म प्रभावकारी हुने ४५ हजार ५०० सेट इम्प्लाण्ट खरिद गर्न रु.५ करोड २२ हजारको लागत अनुमान तयार गरी बोलपत्रको सूचना प्रकाशन गर्दा बोलपत्र पेस

नभएपछि स्पेसिफिकेसन परिवर्तन गरी ३ वर्ष वा ५ वर्षसम्म प्रभावकारी हुने र सेल्फलाइफ ५ वर्ष रहने गरी बोलपत्र आह्वान गरेकोमा एक बोलपत्रदाताको रु.४ करोड ७४ लाख ७८ हजारको बोलपत्र स्वीकृत भई २०८१।५।१३ मा ३ वर्ष प्रभावकारी हुने ४५ हजार ५०० सेट इम्प्लाण्ट आपूर्ति भएको छ। विभागले खरिद कार्य गर्दा आवश्यकता तथा प्रयोगको अवस्था सम्बन्धमा पर्याप्त विश्लेषण नगरेका कारण आपूर्ति भएकामध्ये रु.२ करोड २५ लाख ५६ हजार मूल्यका २१ हजार ४८० सेट इम्प्लाण्ट मौज्दातमा रहेको देखिन्छ। प्रयोगकर्ताको माग र आवश्यकताको विश्लेषण गरी खरिद गर्नुपर्दछ।

२८. **टेस्ट किट खरिद तथा उपयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। विभागले यो वर्ष आर.टी.-पी.सी.आर.किट फर एच.पी.भी.विथ भी.टी.एम. ९१ हजार किट र एच.पी.भी. आर.एन.भी.एक्ट्रयाक्सन ९१ हजार किट खरिद गरी रु.३ करोड ७० लाख ३७ हजार भुक्तानी गरेको छ। परिवार कल्याण महाशाखाबाट प्राप्त विवरणअनुसार ७ प्रदेशमा २०७९।८० मा ८ हजार ८०४, २०८०।८१ मा ५५ हजार ३११ र २०८१।८२ मा ४० हजार ६५८ समेत १ लाख ४ हजार ७७३ को एच.पी.भी.संक्रमण परीक्षण गरेको उल्लेख छ। उक्त किटको प्राविधिक स्पेसिफिकेसनमा २ वर्षको उपयोग अवधि राखिएको छ। एक आर्थिक वर्षमा अधिकतम ५५ हजार ३११ परीक्षण आवश्यक रहेकोमा विभागले ९१ हजार किट खरिद गरेकोले खरिद भएका किटको मापदण्ड तयार गरी उपयोग गर्नुपर्दछ।

२९. **औषधीको म्याद -** स्वास्थ्यसंस्थाले आपूर्तिकर्ताबाट खरिद गरेको औषधीको म्याद समाप्त भएमा, टुटेफुटेमा वा बिक्री नगरी अधिक मौज्दात रहेमा सम्झौताको सर्तअनुसार उक्त औषधी आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ। विभागले पेस गरेको जिन्सी विवरण तथा जिन्सीसम्बन्धी प्रणाली परीक्षण गर्दा गत विगतमा खरिद गरिएको रु.४ करोड ७२ लाख २० हजार मूल्यको २८ प्रकारका औषधीजन्य मालसामान तथा कीटको म्याद समाप्त भई प्रयोगमा आउन नसक्ने अवस्था रहेको छ। सम्झौताअनुसार प्रतिस्थापन गर्नुपर्दछ।

३०. **हाइट बोर्ड र वेट स्केल खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा मालसामान खरिदको कारबाही सुरु गर्नु अघि खरिद माग प्राप्त गर्नुपर्ने उल्लेख छ। विभागले यो वर्ष ९६५ हाइट बोर्ड र ९६५ थान इलेक्ट्रोनिक वेट स्केल खरिद गरी रु.६ करोड ७३ लाख २१ हजार खर्च गरेको छ। विभागको अभिलेखअनुसार गत विगतमा खरिद गरेको रु.६ करोड ५३ लाख ९९ हजारको १ हजार ३३६ इलेक्ट्रोनिक वेट स्केल (मदर/चाइल्ड) मौज्दातमा रहेको देखिन्छ। विभागबाट खरिद भएका उपकरण समयमै उपयोग गर्नुपर्दछ।

## औषधी व्यवस्था विभाग

औषधी उत्पादन, बिक्री-वितरण, निकासी-पैठारी, सञ्चयको व्यवस्थापन एवं नियन्त्रण तथा मूल्य निर्धारण गर्न औषधी ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको हो। विभागको लागि यो वर्ष रु.२१ करोड ४४ लाख ५३ हजार विनियोजन भएकोमा रु.१२ करोड १९ लाख ९ हजार खर्च भएको छ।

३१. **अनुगमन तथा निरीक्षण -** औषधी ऐन, २०३५ र औषधी दर्ता नियमावली, २०३८ मा विभागले अनुज्ञापत्र जारी गर्ने, नवीकरण गर्ने तथा नियमित रूपमा औषधी पसलको अनुगमन गर्नुपर्ने व्यवस्था

छ। विभागले यो वर्ष दर्ता भएका ३१ हजार ३५८ फार्मेसी तथा औषधी बिक्रेतामध्ये २ हजार ७९१ फार्मेसी निरीक्षण गरेको छ। निरीक्षणको दायरा विस्तार गरी देखिएका कमी-कमजोरी सुधार गर्नुपर्दछ।

३२. **फार्मेसी नवीकरण -** औषधी दर्ता नियमावली, २०३८ को नियम ९ अनुसार यो वर्षसम्म ३३ हजार २९९ औषधी बिक्रेता दर्ता भएकोमा १५ हजार ३४ ले मात्र नवीकरण गराएको, २९ हजार ४५२ फर्म अद्यावधिक रहेको र ३ हजार ८४७ रद्द भएको देखिन्छ। नवीकरण रद्द भएका फार्मेसीबाटसमेत औषधीको बिक्री वितरण हुने जोखिम रहेकोले प्रभावकारी अनुगमन गर्नुपर्दछ।

३३. **नियमन** - औषधी उत्पादन कुशल अभ्यास संहिता, २०७२ को दफा ७७ मा औषधी उत्पादकले कुशल अभ्याससम्बन्धी व्यवस्था प्रमाणीकरणका लागि विभाग समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ। विभागको अभिलेखअनुसार ८४ उत्पादकले विभिन्न औषधी उत्पादन गरी बजारीकरण गरेकोमा ५५ उत्पादकले राष्ट्रिय कुशल अभ्यास प्रमाणपत्र प्राप्त गरेको देखिन्छ। राष्ट्रिय कुशल अभ्यास प्रमाणपत्र प्राप्त गर्न बाँकी औषधी उत्पादकलाई नियमनको दायरामा ल्याउनुपर्दछ।

३४. **औषधी पैठारी** - विभागको २०८१।१०।२२ को निर्णयमा केही औषधीहरूको आयात/खपत परिमाण तथा बजार आपूर्तिको विवरणको आधारमा ५० प्रतिशतसम्म प्राविधिक विश्लेषण गरी पैठारी वृद्धि गर्न सकिने उल्लेख छ। त्यसै गरी २०८१।९।२२ को निर्णयले ट्रामाडोल र टेपेण्डाडोल जस्ता औषधीहरू मनोद्दीपक औषधी भएकोले सम्बन्धित अस्पालतको फार्मेसीबाट मात्र बिक्री वितरण गर्न अनुमति दिएको देखिन्छ। यस्ता औषधीहरूको आयात परिमाण यकिन गर्दा प्राविधिक विश्लेषण गरेको देखिँदैन। जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्न सक्ने यस्ता औषधीको आयात गर्दा वार्षिक रूपमा प्रयोग हुनसक्ने परिमाणको विश्लेषण गरी आयात अनुमति दिनुपर्दछ।

३५. **अनुदानमा औषधी -** विश्व स्वास्थ्य सङ्गठनको सन् १९९९ को अनुदान निर्देशिकामा कुनै पनि संस्थाले औषधी अनुदानमा प्राप्त गर्न औषधीको म्याद कम्तीमा १ वर्षको हुनुपर्ने, कुशल उत्पादन अभ्यासअनुसारको हुनुपर्ने, उत्पादक कम्पनी र अनुदान दिने कम्पनीबिचको सम्झौता पेस गर्नुपर्ने तथा गैरसरकारी संस्थाले अनुदानमा प्राप्त गर्न चाहेमा शिविर सञ्चालनको लागि मात्र स्वीकृति दिने व्यवस्था छ। विभागले सरकारी तथा गैरसरकारी संस्थालाई औषधी अनुदानको स्वीकृति दिएकोमा सोको उपयोग स्थितिको अनुगमन गरेको देखिँदैन। औषधी अनुदान सम्बन्धी स्वीकृत सर्त पालना स्थितिको अनुगमन गर्नुपर्दछ।

३६. **मूल्य निर्धारण** - औषधी ऐन, २०३५ को दफा २६ मा विभागले नेपाल सरकारको स्वीकृति लिई औषधीको मूल्य निर्धारण गरी सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। विभागले गत विगतमा ११७ प्रकारका औषधीको मूल्य निर्धारण गरेकोमा ९६ प्रकारका औषधीको मूल्य मात्र राजपत्रमा प्रकाशन गरी बाँकी २१ प्रकारका औषधीको मूल्य प्रकाशन गरेको पाइएन। मूल्य निर्धारण भएका औषधीहरू राजपत्रमा प्रकाशन गर्नुपर्दछ।

३७. **कानुन परिमार्जन** - विभागले औषधी ऐन, २०३५ र सो ऐनअन्तर्गत संवत् २०३७ देखि २०४३ सम्म स्वीकृत भएका नियमावलीबमोजिम औषधीको नियमन गरिरहेको छ। विभागले औषधीको उत्पादन, बिक्री वितरण एवं गुणस्तर नियन्त्रण मापदण्ड समयसापेक्ष परिमार्जन गरेको पाइएन। औषधी व्यवस्थापनमा अवलम्बन भएका असल अभ्यास अनुकूल हुने गरी मापदण्ड स्वीकृत गरी नियमन गर्नुपर्दछ।

## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

क्षयरोग रोकथाम, निदान तथा उपचार कार्यक्रम संयोजन, अनुगमन एवं मूल्याङ्कन गर्न २०४६ सालमा यस केन्द्रको स्थापना भएको हो। केन्द्रलाई यो वर्ष रु.१ अर्ब ७ करोड ३३ लाख ७१ हजार विनियोजन भएकोमा रु.८३ करोड ४ लाख १३ हजार खर्च गरेको छ।

३८. **सेवा प्रवाह -** केन्द्रले क्षयरोगसँग सम्बन्धित सेवा प्रवाह गरेको ३ वर्षको स्थिति निम्नानुसार छः

| क्रियाकलाप | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| क्षयरोगी पहिचान सङ्ख्या | ३७४४५ | ४०७७५ | ३९१५१ |
| क्षयरोगबाट मृत्यु सङ्ख्या | ११२३ | १२२६ | १२८५ |
| बाल क्षयरोगी पहिचान सङ्ख्या | ३००७ | ३५६८ | २२१४ |
| उपचार प्राप्त गर्ने सङ्ख्या | ३७५४३ | ३७०२१ | ३९७४५ |
| निको भएका क्षयरोगी सङ्ख्या | ३४६९२ | ३४११५ | ३६६९० |

उल्लिखित विवरणमा गत वर्षको तुलनामा क्षयरोगी पहिचान सङ्ख्या यो वर्ष ३.९८ प्रतिशतले घटेको र मृत्यु हुनेको सङ्ख्या ४.८१ प्रतिशतले वृद्धि भई १ हजार २८५ पुगेको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित क्षयरोग संक्रमितलाई उपचारको दायरामा ल्याई प्रभावकारी नतिजा हासिल गर्नुपर्दछ।

३९. **म्याद गुज्रेका औषधी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद आवश्यकताको यकिन गरी खरिद कारबाही गर्नुपर्ने व्यवस्था छ। केन्द्रको अभिलेखअनुसार गत विगतमा खरिद गरिएको रु.४७ लाख ७० हजार मूल्यका ६ प्रकारका औषधी र औषधीजन्य सामग्रीको म्याद समाप्त भएको छ। औषधी र औषधीजन्य सामग्री खरिद गर्दा आवश्यकताअनुसार खरिद गर्नुपर्दछ।

४०. **कार्ट्रिज खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा लागत अनुमान तयार गर्दा स्थानीय तथा अन्य बजारको दरभाउ तथा गत विगतको खरिद दरलाईसमेत आधार लिनुपर्ने उल्लेख छ। एक विदेशी कम्पनीले २०८० असोजमा वेबसाइटमा प्रकाशन गरेको सूचनामा कार्टिज मूल्यमा २० प्रतिशत छुट दिने उल्लेख गरेकोमा केन्द्रले लागत अनुमान तयार गर्दा उक्त छुट रकमलाई समायोजन गरेको देखिएन। साविक मूल्य प्रति कार्टिज अमेरिकी डलर ९.९८ रहेकोमा छुट पश्चात् अमेरिकी डलर ७.९७ हुनेमा सो कम्पनीको नेपालस्थित आधिकारिक बिक्रेतासँग ७४ हजार ४५० कार्टिज रू. ८ करोड ७२ लाख २५ हजारमा खरिद गर्दा रु.२ करोड १९ लाख ९८ हजार बढी व्ययभार परेको देखिन्छ।

## राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला

जनस्वास्थ्य एवं चिकित्सकीय सेवाहरुसँगै सम्बन्धित रोगको खोजपड्ताल, निदान, रोकथाम, उपचार अनुसन्धान र स्वास्थ्य प्रवर्धनका कार्यहरु प्रभावकारी तथा सर्वसुलभ रुपमा कार्यान्वयन गर्न विश्वसनीय, समय सापेक्ष र गुणस्तरीय बनाउँदै देशका सबै नागरिकलाई प्रयोगशाला सेवाको पहुँच बढाउने उद्देश्यले २०५० सालमा प्रयोगशालाको स्थापना भएको हो। प्रयोगशालाको लागि यो वर्ष रू.४० करोड ३१ लाख ७२ हजार बजेट विनियोजन गरेकोमा रू.३२ करोड ६४ लाख १३ हजार खर्च गरी रू.२० करोड १५ लाख ७० हजार आम्दानी गरेको छ।

४१. **प्रयोगशाला सेवा** - राष्ट्रिय स्वास्थ्य नीति, २०७६ मा निदानात्मक सेवालाई आधुनिक एवं प्रविधिमैत्री बनाउँदै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सुदृढीकरण गरिने उल्लेख छ। प्रयोगशालाले तीन वर्षमा प्रदान गरेको सेवाको तुलनात्मक स्थिति निम्नानुसार छः

| विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ | गतवर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| परीक्षण प्रकार | २९७ | ३२२ | ३५१ | ९.०० |
| परीक्षण सङ्ख्या | ५९२१३२ | ७९५२५० | ८३२४९१ | ४.६८ |
| सेवाग्राही सङ्ख्या | २१८८०७ | २८२५७८ | २९२६४९ | ३.५६ |
| सेवाग्राही सङ्ख्या (डेङ्गु) | ३३९८ | १७७८ | २२८२ | २८.३ |
| राजस्व असुली (हजारमा) | १३५८०० | १८२२२७ | २०१५७० | १०.६२ |
| बजेट खर्च (रु.हजारमा) | २२२१०० | २०५११९ | ३२६४१३ | ५९.१३ |

उल्लिखित विवरणअनुसार गत वर्ष प्रयोगशालाले ३२२ किसिमका परीक्षण सेवा उपलब्ध गराएकोमा यो वर्ष ३५१ किसिमका सेवा उपलब्ध गराएको देखिन्छ। सेवाग्राही र परीक्षणको सङ्ख्यामा गत वर्षभन्दा वृद्धि भए तापनि बिरामीको मागअनुसारका परीक्षणका सुविधा उपलब्ध हुन सकेको छैन। प्रयोगशालाले सबै प्रकारका परीक्षण सेवा उपलब्ध गराई निजी क्षेत्रका प्रयोगशालाको प्रभावकारी नियमनसमेत गर्नुपर्दछ।

४२. **प्रयोगशालाको अनुगमन** - स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्डसम्बन्धी निर्देशिका, २०७३ अनुसार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले ए र बी समूहमा वर्गीकृत प्रयोगशालाहरूको नियमित अनुगमन एवं सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। यस प्रयोगशालाको क्षेत्राधिकारमा पर्ने ए समूहका प्रयोगशाला १७ र बी समूहका प्रयोगशाला ९४ समेत १११ प्रयोगशाला सञ्चालनमा रहेकोमा यो वर्ष १५ प्रयोगशालाको अनुगमन गरेको छ। अनुगमन निरीक्षण कार्यलाई विस्तार गरी देखिएका कैफियतहरूमा सुधारको सुनिश्चितता हुनुपर्दछ।

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

एच.आई.भी. एड्स तथा यौन रोगको संक्रमणलाई रोकथाम तथा नियन्त्रण गर्न चिकित्सा सेवा शिक्षा सूचना तथा सञ्चारको माध्यमलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउने र यस्तो रोगबाट मुलुकलाई पर्नसक्ने दूरगामी असरमा कमी ल्याउने उद्देश्यले २०५१ सालमा केन्द्रको स्थापना भएको हो। केन्द्रको लागि यो वर्ष रु.५१ करोड २२ लाख ६१ हजार विनियोजन भएकोमा रु.४७ करोड ३ लाख ८४ हजार खर्च भएको छ।

४३. **सेवा प्रवाह** - केन्द्रबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्रियाकलाप | एकाइ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| अनुमानित एचआईभी संक्रमित | सङ्ख्या | ३०००० | ३०३०० | ३४३३७ |
| ए.आर.टी.मा आबद्ध एच.आई.भी. संक्रमित | सङ्ख्या | २४२३७ | २५५११ | २७०५४ |
| ए.आर.टी.मा आबद्ध पुरुष | सङ्ख्या | १२०३८ | १२९२२ | १३६८९ |
| ए.आर.टी.मा आबद्ध महिला | सङ्ख्या | १०७५७ | ११३८१ | ११९६८ |
| ए.आर.टी.मा आबद्ध बालबालिका | सङ्ख्या | १००३ | ७२८ | ८८७ |
| ए.आर.टी.मा आबद्ध तेस्रोलिङ्गी | सङ्ख्या | ४३९ | ४८० | ५१० |
| नयाँ एच.आई.भी.संक्रमित | सङ्ख्या | ३०४६ | २४७५ | २२७२ |
| एड्सबाट मृत्यु भएका | सङ्ख्या | ३४४ | ४४० | ३७२ |

एचआईभी संक्रमितको सङ्ख्या गत वर्षसम्म ३० हजार ३०० रहेकोमा यस वर्ष १३.३२ प्रतिशत वृद्धि भई ३४ हजार ३३७ पुगेको र मृत्यु हुनेको सङ्ख्या गतवर्ष ४४० रहेकोमा १५.४५ प्रतिशत न्यून भई ३७२ रहेको छ। प्रभावकारी तवरले कार्यक्रम सञ्चालन गरी थप सम्भावित संक्रमितलाई उपचारको दायरामा ल्याउनुपर्दछ।

४४. **औषधी सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२८(२) मा दातृ पक्षबाट प्राप्त भएको वा हुने सहायतालाई अर्थ मन्त्रालयको स्वीकृति लिई बजेट तथा कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ। केन्द्रले विगत वर्षदेखि ६३ किसिमका औषधी दातृ निकायबाट प्राप्त भई रु.१७ करोड ५० लाख ६१ हजार आम्दानी जनाएको छ। उक्त सहायता रकमलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी लेखापरीक्षण गराएको छैन।

# अन्य संस्था समिति

## स्वास्थ्य बिमा बोर्ड

गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा ऐन, २०७४ बमोजिम यो बोर्डको स्थापना भएको हो। बोर्डअन्तर्गत ७ प्रदेश कार्यालय र ७७ वटै जिल्लामा सम्पर्क कार्यालय रहेका छन्।

४५. **आय-व्यय -** बोर्डको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ९४५८९६ | ३४३७५७१ |
| नेपाल सरकारको अनुदान | १०५००००० | ७५००००० |
| बिमा प्रिमियम शुल्क | ३७३२२२६ | ३०९११५३ |
| अन्य आय | ११२ | ७९८५१ |
| **जम्मा आय** | **१५१७८२३४** | **१४१०८५७५** |
| प्रत्यक्ष खर्च | १२८१५४४३ | १२९१५०५८ |
| सञ्चालन खर्च | ६६७३१८ | १५४२५३ |
| अन्य खर्च | ६४९३ | ९१६०० |
| बाँकी मौज्दात | १६८८९८० | ९४७६६४ |
| **जम्मा** | **१५१७८२३४** | **१४१०८५७५** |

बोर्डले पेस गरेको यस वर्षको आय-व्यय विवरणमा गत वर्षको जिम्मेवारी रु.१७ लाख ६८ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

४६. **सेवा प्रवाह -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा सबै नेपाली नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्ने उल्लेख छ। बोर्डले ७७ जिल्लाका ७५३ पालिकामै उक्त सेवा विस्तार गरेको छ। बिमा कार्यक्रममा सहभागी सङ्ख्या देहायअनुसार छः

| २०७९।८० सम्म | | २०८०।८१ सम्म | | २०८१।८२ सम्म | |
|---|---|---|---|---|---|
| बिमित परिवार | बिमित सङ्ख्या | बिमित परिवार | बिमित सङ्ख्या | बिमित परिवार | बिमित सङ्ख्या |
| १६४७३१४ | ४७२४७३२ | १८७४२२८ | ५०७४९१५ | २२२८७८८ | ६११४२४२ |

सबै नेपाली नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने लक्ष्य लिए तापनि २०७८ को जनगणना अनुसार ६६ लाख परिवार सङ्ख्याको ३३.४३ प्रतिशत र जनसङ्ख्याको २०.९६ प्रतिशत मात्र बिमामा आबद्ध भएको पाइयो।

४७. **शोधभर्ना बाँकी -** बोर्डले बिमामार्फत शोधभर्ना गर्नेगरी बिमा सुविधा पाउने १ हजार २८४ प्रकारका औषधी र १ हजार ३९ प्रकारका सेवाको मूल्यसूची समावेश गरी सेवा प्रदायकलाई शोधभर्ना भुक्तानी गर्ने गरेको छ। बोर्डले दाबी प्राप्त भई स्वीकृत भएकोमध्ये रु.१८ अर्ब ६४ करोड ९१ लाख ३३ हजार शोधभर्ना दिन बाँकी देखिन्छ। कतिपय स्वास्थ्य संस्थाले बोर्डको अभिलेखमा देखिएको भन्दा बोर्डबाट शोधभर्ना लिन बाँकी बढी देखाएको पाइएको छ। अस्पतालले शोधभर्ना प्राप्त हुन बाँकी देखाएको रकम र बोर्डले शोधभर्ना दिन बाँकी रकम देहायअनुसार छः

(रु. हजारमा)

| क्र.सं. | अस्पतालको नाम | बोर्डले शोधभर्ना दिन बाँकी रकम | अस्पतालले शोधभर्ना पाउन बाँकी रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | सुशील कोइराला प्रखर क्यान्सर अस्पताल | १७२८४ | १९६३६ | २३५२ |
| २ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | १२५८६९ | १५६९८८ | ३१११८ |
| ३ | बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल | १४९०५१ | १७९७४५ | ३०६९४ |
| ४ | परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल | ८३२२ | ८३०८ | १३ |
| ५ | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र | ४१८२१ | ७८७२६ | ३६९०५ |
| ६ | बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल | ४८३३९० | ३७४५१४ | १०८८७७ |
| ७ | भक्तपुर क्यान्सर अस्पताल | ८६४८८ | ४८८४४ | ३७६४४ |
| ८ | कोशी अस्पताल | २६८०३७ | २७५५३६ | ७४९९ |
| ९ | गजेन्द्र नारायण सिंह अस्पताल | ३०६३१ | ४४५८३ | १३९५२ |

उपयुर्क्तानुसार फरक परेको सोधभर्ना बाँकी रकम सम्बन्धमा हिसाब भिडान गरी शोधभर्ना दायित्व यकिन गर्नुपर्दछ।

४८. **बिमा शुल्क -** बोर्डले यो वर्ष बिमा शुल्कबापत रु.३ अर्ब ७३ करोड २२ लाख २६ हजार आम्दानी देखाएकोमा बिमा आबद्धता शुल्क एवं सोको नवीकरण बापतको रकम असुली एवं दाखिलाको अभिलेख राखेको छैन। बोर्डले बिमा शुल्क असुल गर्न सहयोगीलाई उपलब्ध गराएको नगदी रसिदअनुसार प्रयोग भएका रसिद, रद्द भएका रसिद एवं बाँकी रसिदको अभिलेख अद्यावधिक गरेको छैन। यसबाट सहयोगीले असुल गरेको सबै रकम बोर्डमा जम्मा भएको यकिन हुने अवस्था छैन। अभिलेख अद्यावधिक गरी बिमा शुल्क यकिन गर्नुपर्दछ।

## चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

४९. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | २१३४८३ | २५६४९३ |
| नेपाल सरकारको अनुदान | १०५९६७६ | ९३६२७९ |
| आन्तरिक आय | १४६९८९१ | १६२७६४६ |
| अन्य आय | ४८३८९० | २१५४२ |
| **जम्मा आय** | **३२२६९४०** | **२८४१९६०** |
| चालु खर्च | २११५६०६ | २५७५५९८ |
| पुँजीगत खर्च | ११८०७५ | १३०६२ |
| अन्य खर्च | ७७७४६४ | ३९८१७ |
| बाँकी मौज्दात | २१५७९५ | २१३४८३ |
| **जम्मा** | **३२२६९४०** | **२८४१९६०** |

प्रतिष्ठानले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसारको ढाँचामा वित्तीय विवरण तयार गरेको छैन।

५०. **सेवा प्रवाह -** अस्पतालको मेडिकल रेकर्डअनुसार विगत ५ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | सेवाको विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७७।७८ | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| १ | बहिरङ्ग बिरामी (सङ्ख्या) | १८६३८७ | ३७९८५४ | ५२४६५१ | ६१९७१९ | ६४७२१५ |
| २ | अन्तरङ्ग बिरामी (सङ्ख्या) | ८६२६ | १५६०१ | १८५२७ | २००४२ | २१२२४ |
| ३ | आकस्मिक सेवा (सङ्ख्या) | २३१८२ | ३७३५९ | ४२३०६ | ३५१३२ | ३५१४१ |
| | **जम्मा** | **२१८१९५** | **४३२८१४** | **५८५४८४** | **६७४८९३** | **७०३५८०** |
| ४ | हेमोडाइलासिस सेवा (सङ्ख्या) | १३८४२ | १७२०७ | १८३४८ | २०३५५ | २२१०० |
| ५ | बेड अकुपेन्सी दर (प्रतिशत) | ४४.२० | ४८.२० | ६६.२० | ७०.४८ | ६३ |

उल्लिखित विवरणअनुसार बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवामा आउने बिरामीको सङ्ख्या वृद्धि हुँदै गएको देखिन्छ। प्रतिष्ठान सुविधा सम्पन्न रेफरल अस्पतालको रूपमा रहेकोमा बिरामीले शल्यक्रियाको लागि ३ महिनादेखि ८ महिनासम्म पालो कुर्नुपर्ने अवस्था छ। प्रतिष्ठानमा ८१ आइ.सी.यु.शय्यामध्ये ७२ शय्या मात्र सञ्चालनमा रहेका छन्। प्रयोगविहीन अवस्थामा रहेका स्वास्थ्य उपकरण सञ्चालनमा ल्याई गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

५१. **दरबन्दी र पदपूर्ति -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कर्मचारी सेवाका सर्त तथा सुविधासम्बन्धी नियमावली, २०६५ को नियम ७ (५) मा सेवाको लागि नयाँ दरबन्दी सिर्जना गर्न आवश्यक देखिएमा कार्यविधि र सोको पुष्ट्याइँसमेत उल्लेख गरी सभाले स्वीकृत गर्ने व्यवस्था छ। प्रतिष्ठानमा नेपाल सरकारतर्फको विभिन्न पदको

६८७ दरबन्दी रहेकोमा ५०१ कार्यरत रही १८६ पद रिक्त रहेको र नयाँ अस्पतालतर्फ विभिन्न पदमा ७२६ दरबन्दीमध्ये ५३१ पदपूर्ति भई १९५ रिक्त रहेको देखिन्छ। अस्पतालले विभिन्न १६ पदमा स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राखी रु.९७ लाख ७५ हजार तलब भत्ता खर्च लेखेको छ।

५२. **निःशुल्क उपचार** - विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधी उपचारबापत आर्थिक सहायता दिने प्रबन्ध गरिएको छ। अस्पतालले यो वर्ष विपन्न नागरिक, असहाय तथा गरिबलगायतका लक्षित वर्गलाई प्रतिष्ठानबाट २४ हजार ३११ जनाको लागि बजेट व्यवस्था गरी रु.१६ करोड ७५ लाख २२ हजार खर्च गरेको छ। यस्तो सहायता प्राप्त गर्ने व्यक्तिको विवरण प्रणालीमा अद्यावधिक गर्नुपर्दछ।

५३. **म्याद गुज्रेका औषधी तथा सामग्री** - फार्मेसीलाई आवश्यक पर्ने औषधी तथा सर्जिकल सामानको लागि भएको खरिद सम्झौताको बुँदा नं. २(ख) मा बिक्री हुन नसकी बाँकी रहन गएका औषधी तथा सर्जिकल सामग्रीको म्याद समाप्त हुने अवधिभन्दा तीन महिना बाँकी रहँदै सम्बन्धित आपूर्तिकर्तालाई फिर्ता गर्न सकिने प्रावधान रहेको छ। अस्पतालले विगत ४ वर्षदेखिका विभिन्न आपूर्तिकर्ताबाट खरिद गरेको रु.१ करोड ४३ लाख ७७ हजारको ६०१ प्रकारका औषधी तथा सर्जिकल सामानहरू फिर्ता तथा प्रतिस्थापन गरेको देखिएन। सम्झौताअनुसार औषधी र सामग्रीको प्रतिस्थापन गर्नुपर्दछ।

## बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धान प्रवर्धन गर्न र आवश्यक जनशक्ति तयार गर्न बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अनुसार प्रतिष्ठान स्थापना भई सञ्चालन हुँदै आएको छ।

५४. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | १९३८६० | १४५२०० |
| बिक्री/सेवा सञ्चालनबाट आम्दानी | १६८५३०० | १३६२३६० |
| शैक्षिक आय | १३११०६५ | ११८९७८३ |
| अन्य आय | ७१२५० | ८२७७१ |
| **जम्मा आय** | **३२६१४७५** | **२७८०११४** |
| सञ्चालन तथा कर्मचारी खर्च | २८१२८६५ | २५४००१६ |
| प्रत्यक्ष खर्च | ५२००० | ५२००० |
| अन्य खर्च | २२०९४९ | २२८९०५ |
| **जम्मा व्यय** | **३०८५८१४** | **२८२०९२१** |
| बचत/न्यून | १७५६६१ | (४०८०६) |

प्रतिष्ठानको गत वर्षको ऋणात्मक बचत रु.४ करोड ८ लाख ६ हजार रहेकोमा यो वर्ष रु.१७ करोड ५६ लाख ६१ हजार बचत रहेको छ। प्रतिष्ठानले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गरेको छैन।

५५. **सेवा प्रवाह** - प्रतिष्ठानको अभिलेखअनुसार विगत ४ वर्षको सेवा प्रवाहको अवस्था निम्नानुसार छः

| सेवाको विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| बहिरङ्ग बिरामी सङ्ख्या | ४८१५१४ | ५३१७८० | ५६४९१८ | ५७४९७३ |
| अन्तरङ्ग बिरामी सङ्ख्या | ४२९४८ | ४८०१४ | ४१०११ | ४७८७९ |
| आकस्मिक सेवा सङ्ख्या | ६९६८१ | ७६७१४ | ७९००९ | ९४९८० |
| **जम्मा** | **५९४१४३** | **६५६५०८** | **६८४९३८** | **७१७८३२** |
| प्रसुति सङ्ख्या | ५८४९ | ५९६८ | ३७५८ | ३२८१ |
| सी.एस. दर (प्रतिशत) | ४०.२० | ३७.५० | ४५.७ | ५०.९ |
| बिरामी मृत्युदर (प्रतिशत) | १. ३ | १.२८ | १.३५ | ०.७७ |
| बिरामीको औसत बसाइ दिन | ५.३ | ३.७ | ५.८ | ३.८ |
| बेड अकुपेन्सी (प्रतिशत) | ६८ | ६२.८ | ५३.७५ | ६१.३३ |
| जेरियाट्रिक बेड सङ्ख्या | ५ | ५ | ५ | ५ |
| रिफर गरिएको सङ्ख्या | ४८ | ५२ | ९० | ३० |
| सघन उपचार केन्द्र | १७०३ | २२५५ | ३६७० | ३४३८ |
| हेमोडाइलासिस सेवा | ९३३९ | १४३२१ | १७९५६ | २१८८० |
| प्रयोगशाला सेवाहरू (औसत सङ्ख्या प्रति दिन) | ३७६० | ५९१४ | ६३५८ | ६३४५ |
| रेडियोग्राफी सेवा (औसत सङ्ख्या प्रति दिन) | ५८० | ७१३ | ७४३ | ७५५ |

उल्लिखित विवरणअनुरसार बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक सेवाका बिरामी सङ्ख्या तुलनात्मक रूपमा बढेको देखिएकोमा सी.एस.रेट विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेको भन्दा १० देखि १५ प्रतिशत उच्च रहेको देखिन्छ। बिरामी मृत्युदर १ प्रतिशतभन्दा कम रहेको भएपनि जेरियाट्रिक शय्या सङ्ख्या थप हुन सकेको छैन। सेवाग्राहीले अस्पतालमा आउँदा सामान्य सेवा प्राप्त गर्न १ देखि ३ घण्टासम्म कुर्नुपर्ने, सिटी स्क्यान तथा बायोप्सीका लागि लामो समय पर्खिनुपर्ने, एम.आर.आई.तथा आई.भी.यू.जस्ता सेवा उपलब्ध गराउन नसकेकोले यसमा सुधार गर्नुपर्दछ।

५६. **स्वास्थ्यकर्मी तथा बिरामीको अनुपात -** प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार स्वास्थ्यकर्मी तथा बिरामीको विगत ४ वर्षको अनुपात देहायबमोजिम छः

| क्र.स. | सूचक | डब्लु एच ओ मापदण्ड | २०७८।७९ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|---|---|
| १ | चिकित्सक र अन्तरङ्ग बिरामी अनुपात | १:१४८ | १:१६१ | १:१३३ | १:११४ | १:१३२ |
| २ | चिकित्सक र बहिरङ्ग बिरामी अनुपात | १:१००० | १:१४६३ | १:१४७७ | १:१३९७ | १:१५९७ |
| ३ | नर्स र अन्तरङ्ग बिरामी अनुपात | १:४५ | १:६२ | १:६८ | १:५९ | १:६८ |

प्रतिष्ठानले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डबमोजिम स्वास्थ्यकर्मी र बिरामीको व्यवस्थापन गरेको नदेखिएकोले अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुने गरी स्वास्थ्यकर्मीको व्यवस्थापन गर्नुपर्दछ।

५७. **भवन निर्माण -** मातृ शिशु स्याहार केन्द्र ४०० शय्याको भवन निर्माण गर्न प्रतिष्ठान र एक संयुक्त उपक्रमबिच २०७३।३।२८ मा ३ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी रु.२ अर्ब ४६ करोड ३२ लाखको सम्झौता भएकोमा यो वर्ष रु.२२ करोड ४३ लाख ९० हजारसमेत रु.२ अर्ब ३४ करोड ६६ लाख ८ हजार भुक्तानी भएको छ।

भवन निर्माणका लागि २०७३।३।२८ मा सम्झौता भएकोमा स्वास्थ्य मन्त्रालयले २०७४।८।२८ मा कुनै भुक्तानी नगर्न पत्राचार गरेको र २०७६।३।१३ को पत्रबाट प्रचलित कानुनबमोजिम कार्य गराउन पुनः निर्देशन दिएको देखियो। मन्त्रालयका निर्देशनको कारण निर्माण कार्य २ वर्ष ४ महिना रोकिन गएको उल्लेख गरी सम्झौताको म्याद २ वर्ष १० दिन थप भएकोमा कार्यकारिणी समितिको २०८२।५।१९ को निर्णयबाट पुनः २०८२ पौष मसान्तसम्म म्याद थप भएको छ। उक्त निर्माण कार्यको वित्तीय प्रगति ७५.६९ र भौतिक प्रगति ९० प्रतिशत रहेको छ। पूर्वानुमान गर्न सकिने काममा समेत रु.२५ करोड २८ लाख ५८ हजारको भेरिएशन आदेश स्वीकृत गरी परिमाण थप गरेको देखिन्छ। थप अवधिभित्र सम्झौता अनुसार निर्माणकार्य सम्पन्न गर्नुपर्दछ।

५८. **भाडा बक्यौता -** प्रतिष्ठान र एक कम्पनीबिच प्रतिष्ठान परिसरमा रहेको जग्गामा १८ होलको गल्फ मैदान ५० वर्षको लागि वार्षिक रु.२ लाखमा, १० गेष्ट हाउस २० वर्षको लागि वार्षिक रु.१२ लाखमा र रेष्टुरेण्ट एण्ड बार वार्षिक भाडा रु.२ लाखमा २० वर्षको लागि दिने गरी २०५८।६।५ मा सम्झौता भएको छ। सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५८.१. सम्झौताको बुँदा नं.४ (क) अनुसार गेष्ट हाउसको बहाल अवधि २० वर्षसम्म बहाल रकम वार्षिक रु.१२ लाख र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था छ। सम्झौताको अवधि २०७८ असोजमा समाप्त भए पनि सो कम्पनीले प्रतिष्ठानलाई रु.४७ लाख ६९ हजार भाडा र सोको क्षतिपूर्ति रु.३८ लाख २५ हजारसमेत रु.८५ लाख ९४ हजार बुझाएको छैन।

५८.२. सम्झौताको बुँदा नं ४ (ख) अनुसार गल्फ कोर्षको बहाल अवधि ५० वर्षको हुने र वार्षिक भाडा रु.२ लाखमा प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले भाडा वृद्धि हुने व्यवस्था छ। प्रतिष्ठान र एक कम्पनीबिच भएको करारको अवधि कायम रहेकोमा सो कम्पनीले गल्फ कोर्स सञ्चालन गरेको छैन। करार सम्झौताबमोजिम सो कम्पनीले रु.२९ लाख ७४ हजार भाडा तथा सोको क्षतिपूर्ति रु.२ लाख ९७ हजारसमेत रु.३२ लाख ७१ हजार बुझाउन बाँकी रहेको छ।

५८.३. सम्झौताको बुँदा नं.४ (ग) अनुसार रेष्टुरेन्ट एण्ड बार तथा अन्य हेल्थ क्लव फुडकोटको बहाल अवधि २० वर्ष रहने सुरुको ३ महिना निर्माण अवधिमा बहाल नलाग्ने र त्यसपछि वार्षिक भाडा रु.१२ लाखमा प्रति २ वर्षमा १० प्रतिशतका दरले वृद्धि हुने व्यवस्था छ। सम्झौताको अवधि २०७८ असोजमा समाप्त भएपनि सो कम्पनीले रु.४ लाख १० हजार भाडा तथा सोको क्षतिपूर्ति रु.३ लाख १० हजारसमेत रु.७ लाख २० हजार बुझाएको छैन। सम्झौताबमोजिम बक्यौता भाडा असुल गर्नुपर्दछ।

५९. **म्याद सकिएका औषधी -** फार्मेसीलाई आवश्यक पर्ने औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी सम्झौताहरूमा म्याद समाप्त हुन लागेका औषधी प्रतिष्ठानले फिर्ता गर्ने र आपूर्तकले ७ दिनभित्र प्रतिस्थापन गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरणअनुसार अस्पताल फार्मेसीले खरिद गरेका मध्ये रु.१ करोड १९ लाख ९६ हजारको औषधीको म्याद गुज्रेको देखिन्छ। सम्झौताको व्यवस्थाअनुसार निकट भविष्यमा म्याद गुज्रिने तथा हाल म्याद गुज्रेको औषधीहरू आपूर्तकलाई फिर्ता गरी प्रतिस्थापन गरेको देखिएन। सम्झौताअनुसार औषधी तथा सामनको प्रतिस्थापन गर्नुपर्दछ।

६०. **अध्यापन कोटा -** प्रतिष्ठानको भौतिक अवस्था, बिरामीको चाप, जनशक्ति व्यवस्थाको पर्याप्तता आदिको आधारमा एम.बी.बी.एस.मा १५० तथा बी.डी.एस.मा ६० विद्यार्थी अध्यापन गराउनसक्ने क्षमता रहेकोमा

क्रमशः १०० र ४९ विद्यार्थी अध्ययनरत रहेका छन्। प्रतिष्ठानको शैक्षिक तथा स्वास्थ्य सेवासम्बन्धी क्रियाकलापलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

## पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजान, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने तथा स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण गरी सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ बमोजिम यस प्रतिष्ठानको स्थापना भएको हो।

६१. **आय-व्यय -** प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | २७१८३६ | ५८९९०८ |
| बिक्री तथा सेवा आम्दानी | २६९९६९८ | २३९२३६८ |
| अन्य आय | १०८५०९ | २४४३६७ |
| **जम्मा आय** | **३०८००४४** | **३२२६६४४** |
| सञ्चालन खर्च | ३५८२५२ | ४८८७९२ |
| प्रत्यक्ष खर्च | ७७८२६९ | १०३०११९ |
| कर्मचारी खर्च | १५७२५२३ | १३९८७०० |
| अन्य खर्च | २०७३७८ | १९७४९८ |
| **जम्मा व्यय** | **२९१६४२३** | **३११५११०** |
| **बचत** | **१६३६२०** | **१११५३३** |

प्रतिष्ठानको सञ्चालन बचत गत वर्ष रु.११ करोड १५ लाख ३३ हजार रहेकोमा यो वर्ष ४६.७० प्रतिशतले वृद्धि भई रु.१६ करोड ३६ लाख २० हजार पुगेको छ।

६२. **सेवा प्रवाह -** प्रतिष्ठानको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| १. | बहिरङ्ग सेवा (सङ्ख्या) | २९७९३३ | ४१२२९८ | ४१८२९१ |
| २. | अन्तरङ्ग सेवा (सङ्ख्या) | २९८४७ | २४८२५ | २६२०९ |
| ३. | आकस्मिक सेवा (सङ्ख्या) | ५३३७९ | ४८६६४ | ५८७०६ |
| ४. | सामान्य सल्यक्रिया (सङ्ख्या) | ५२०२ | ५७०८ | ५९२३ |
| ५. | जटिल सल्यक्रिया (सङ्ख्या) | ७२८१ | ७५७५ | ७७३५ |

उल्लिखित तथ्याङ्कअनुसार विगत वर्षको तुलनामा बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक सेवा लिने विरामी र सल्यक्रिया भएका विरामी सङ्ख्यामा वृद्धि भएको छ। प्रतिष्ठानले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

# पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अनुसार प्रतिष्ठानको स्थापना भएको हो।

६३. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | १८,७६,३१ | २४,२९,०८ |
| नेपाल सरकारको अनुदान | ५६,०९,२१ | ४१,३६,६३ |
| आन्तरिक आय | २४,९९,७५ | ७७,७२,८५ |
| अन्य आय | ७०,१३,८२ | ३,४१,५७ |
| **जम्मा आय** | **१,६९,९९,०९** | **१,४६,८०,१३** |
| सञ्चालन खर्च | ६३,३७,०४ | ८०,८२,९० |
| कर्मचारी खर्च | ६३,१४,७४ | ४१,३६,६३ |
| अन्य खर्च | २३,७२,२७ | ३६,४१ |
| बाँकी मौज्दात | १९,७५,०४ | २४,२४,१९ |
| **जम्मा** | **१,६९,९९,०९** | **१,४६,८०,१३** |

गत वर्षको जिम्मेवारी रू. २४ करोड २४ लाख १९ हजार रहेकोमा प्रतिष्ठानले यो वर्षको वित्तीय विवरणमा रू. १८ करोड ७६ लाख ३१ हजार मात्र जिम्मेवारी सारेको पाइयो। जसअनुसार रु.५ करोड ४७ लाख ८८ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

६४. **सेवा प्रवाह** - प्रतिष्ठानको अभिलेखअनुसार विगत ३ वर्षको अस्पतालको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९।८० | २०८०।८१ | २०८०।८१ |
| १ | बहिरङ्ग बिरामी सङ्ख्या | ३५६४०२ | ४०६७२९ | ४१३०७२ |
| २ | अन्तरङ्ग बिरामी सङ्ख्या | २२६८४ | २२१४७ | २२२७५ |
| ३ | आकस्मिक सेवा | ५४९७१ | ४८७७७ | ४६९८३ |
| | **जम्मा** | **४३४०५७** | **४७७६५३** | **४८२३३०** |
| ४ | बिरामी मृत्युदर (प्रतिशत) | १ | १ | ०.८ |
| ५ | रेफर गरिएको सङ्ख्या | ५ | १७ | १५ |
| ७ | हेमोडाइलासिस सेवा | १६१ | १४७ | १६५ |
| ८ | मृगौला प्रत्यारोपण | ७ | २ | ८ |

प्रतिष्ठानमा बिरामीको सङ्ख्या वृद्धि हुँदै गए तापनि शय्या क्षमता ५०० मध्ये ३८० शय्या मात्र सञ्चालनमा रहेको पाइयो। आवश्यक स्रोत साधनको व्यवस्था गरी प्रतिष्ठानलाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

६५. **उपकरणको उपयोग** - प्रतिष्ठानको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७४ मा सम्पत्तिको लगत सम्बन्धी व्यवस्था छ। जिन्सी निरीक्षण प्रतिवेदनअनुसार भेन्टिलेटर ६५, एनेस्थेसिया मेसिन १६,

इन्डोस्कोपी मेसिन १४, हेमोडाइलासिस मेसिन ३० र सीटी स्क्यान मेसिन २ समेत रु.१८ करोड २९ लाख १० हजारको मेसिन तथा उपकरणहरू विगत लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको देखियो। उल्लिखित मेसिन, उपकरणको आवश्यक मर्मत, सम्भार गरी उपयोगमा ल्याउनुपर्दछ।

## रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न एवं स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले रासी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेको छ।

६६. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ३५१४४२ | १५६४८९ |
| सञ्चालनबाट आय | ५९२३११ | ३०१४४२ |
| अन्य आय | ९६३८२ | २०४७०० |
| **जम्मा आय** | **१०४०१३५** | **६६२६३१** |
| कर्मचारी खर्च | २६२४५७ | २५४९६२ |
| प्रत्यक्ष खर्च | ३२३२७४ | ५८३१८ |
| सञ्चालन खर्च | १६४८०७ | २१९२५९ |
| अन्य खर्च | ५५५७९ | ३१६१९ |
| **जम्मा व्यय** | **८०६११७** | **५६४१५८** |
| बचत | २३४०१८ | ९८४७३ |

प्रतिष्ठानको बचत गत वर्ष रु.९ करोड ८४ लाख ७३ हजार रहेकोमा यो वर्ष रु.२३ करोड ४० लाख १८ हजार पुगेको छ।

६७. **सेवा प्रवाह** - प्रतिष्ठानबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| सेवाको प्रकार | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| बहिरङ्ग विरामी सङ्ख्या | १५४६६७ | १६८५१६ | १७७३९७ |
| आकस्मिक सङ्ख्या | २०२१३ | २०८७० | २६७०३ |
| प्रयोगशाला टेष्ट सङ्ख्या | ६५१११८ | ६४०४२२ | १०५३१९० |
| प्रसूति सङ्ख्या | ३६०८ | ३१९० | ४०८८ |
| रेडियोग्राफी सङ्ख्या | ६७८५५ | ७८८०९ | १०८२७० |
| एड्स निरोधक सङ्ख्या | २५६ | २८३ | २९५ |
| क्षयरोग निरोधक सङ्ख्या | २१३ | २३८ | २६८ |

उल्लिखित तथ्याङ्कअनुसार अस्पतालमा गत वर्षभन्दा यो वर्ष सेवा लिनेको सङ्ख्या वृद्धि भएको छ। प्रतिष्ठानले आवश्यक स्रोत साधनको व्यवस्था गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

पिछडिएको क्षेत्रमा सहज रूपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन,२०६८ बमोजिम प्रतिष्ठान सञ्चालनमा रहेको छ।

६८. **आय-व्यय** - प्रतिष्ठानको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ४६८८३८ | ३६०७३३ |
| अस्पताल सेवा सञ्चालन | ३५२२६४ | २६३८५६ |
| अन्य आय | ३९१७ | ३२३३ |
| **जम्मा आय** | ८२५०१९ | ६२७८२२ |
| सञ्चालन तथा कर्मचारी खर्च | ५५४६१३ | ४६३९८१ |
| प्रत्यक्ष खर्च | २०९६५४ | ९४६४८ |
| अन्य खर्च | ११४३४३ | १२२८३८ |
| **जम्मा व्यय** | ८७८६१० | ६८१४६७ |
| बचत/न्यून | (५,३५,९१) | (५,३६,४५) |

गत वर्षको तुलनामा यो वर्ष प्रतिष्ठानको कुल आम्दानी बढेको भए तापनि खर्चसमेत सोही अनुपातमा बढेकोले रु.५ करोड ३५ लाख ९१ हजार घाटामा रहेको देखिन्छ।

६९. **सेवा प्रवाह** - प्रतिष्ठानले ३०० शय्याबाट सेवा सञ्चालन गर्दै आइरहेकोमा प्रतिष्ठानको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति देहायअनुसार छः

| क्र.सं. | सेवाको प्रकार | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| १. | बहिरङ्ग सेवा (सङ्ख्या) | ६८४२७ | ८६६५० | ७५६७४ |
| २. | अन्तरङ्ग सेवा (सङ्ख्या) | ६५१२ | ६१६४ | ६१०४ |
| ३. | इमर्जेन्सी सेवा (सङ्ख्या) | ८१९७ | १२६४५ | १२६१२ |
| ४. | सामान्य शल्यक्रिया (सङ्ख्या) | २९८३ | २९८५ | ३०२३ |
| ५. | जटिल शल्यक्रिया (सङ्ख्या) | ५३३ | ६१७ | ६७५ |
| ६. | बेड अकुपेन्सी दर (प्रतिशत) | ५३ | ५२ | ५०.१० |

प्रतिष्ठानले प्रवाह गर्ने सेवामा गत वर्षको तुलनामा सामान्य र जटिल शल्यक्रिया बढे तापनि अन्य सेवातर्फ सेवाग्राही सङ्ख्या घटेको पाइयो। प्रतिष्ठानमा विभिन्न रोग पहिचानका लागि आवश्यक एम.आर.आई मेसिन र मुटु रोगको उपचारमा आवश्यक क्याथ ल्याब मेसिन उपलब्ध छैन। भेन्टिलेटर, यू.एस.जी.लगायत १६ प्रकारका मेसिन विगत वर्षदेखि बिग्रिएर प्रयोगविहीन अवस्थामा रहेका छन्। प्रतिष्ठानले आवश्यक स्वास्थ्य उपकरणको व्यवस्था एवं उपयोग गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नुपर्दछ।

७०. **थप सुविधाको मापदण्ड -** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा ४३ अनुसार नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था छ। प्रतिष्ठानको कुल खर्चमध्ये ५३.३६ प्रतिशत नेपाल सरकारको अनुदानमा निर्भर रहेको छ। प्रतिष्ठानले पदाधिकारी, चिकित्सक तथा कर्मचारीलाई दैनिक ८ घण्टाका दरले मासिक १९२ घण्टा कार्य गरेको आधारमा सुरु तलब स्केलको मासिक ५० प्रतिशत प्रतिष्ठान भत्ता प्रदान गरेको छ। सबै पदाधिकारीलाई सुरु तलब स्केलको ९० प्रतिशत पिछडिएको भत्ता, सबै चिकित्सक (प्राज्ञिक) र कर्मचारीलाई सुरु तलब स्केलको मासिक ३६ देखि ९० प्रतिशतसम्म पिछडिएको भत्ता, पदाधिकारीहरूका लागि सुरु तलब स्केलको मासिक ९० प्रतिशत नन् प्राक्टिस भत्ता, पदाधिकारी तथा कर्मचारीका लागि प्रति महिना सञ्चार, घरभाडा र इन्धनलगायतको सुविधा दिएको देखिन्छ। नेपाल सरकारलाई थप व्ययभार पर्ने गरी सुविधा निर्धारण गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिएको पाइएन। मापदण्ड बनाई सुविधामा एकरूपता ल्याउनुपर्दछ।

७१. **मार्गस्थ सम्पत्ति -** प्रतिष्ठानको वित्तीय विवरणको अनुसूचीमा ईक्वीपमेन्ट, ब्लड बैङ्क ईक्विपमेन्ट, स्वास्थ्य सम्बन्धी उपकरण र कार्यालय उपकरण तथा मेसिनरीलगायतका सामानहरु विगत वर्षदेखि मार्गस्थ सम्पत्तिको रुपमा रू. २ करोड २० लाख ३१ हजार रहेको छ। उक्त सम्पत्ति उपलब्ध गराउनुपर्ने व्यक्ति/फर्महरुको नाम उल्लेख गरेको पाइएन। मार्गस्थ सम्पत्तिको सम्बन्धमा छानबिन गरी हिसाब मिलान गर्नुपर्दछ।

७२. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४ (१क) मा ५० लाखसम्मको स्वास्थ्य सामग्री सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ। प्रतिष्ठानले यो वर्ष प्रतिस्पर्धाबिगर पटक पटक रु.५ करोड १६ लाख १८ हजारको औषधी, प्रयोगशालाका सामग्री र सर्जिकल सामग्री सोझै खरिद गरेको छ। कानुनबमोजिम प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकलाई स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्ने उद्देश्यले टेकु अस्पताल विकास समिति गठन आदेश, २०४९ अनुसार यो अस्पताल ट्रपिकल तथा सरुवा रोगहरूको रिफर अस्पतालको रूपमा १०० शय्यामा सञ्चालनमा रहेको छ।

७३. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | १,५८,१४ | ३,०८,३४ |
| नेपाल सरकारको अनुदान | २८,३०,८६ | ३०,७६,५२ |
| आन्तरिक आय | १७,९१,९१ | १३,४६,१४ |
| अन्य आय | ३,६९,५० | ८३,६७ |
| **जम्मा आय** | **४९,९२,२७** | **४८,१४,६७** |
| चालु खर्च | ४३,१८,९६ | ३७,८६,६४ |
| पुँजीगत खर्च | २,५०,७१ | ५,९३,४० |

| | | |
|---|---|---|
| अन्य खर्च | २,०९,०९ | १,८९,६० |
| बाँकी मौज्दात | २,१३,५१ | २,४५,०३ |
| **जम्माः** | **४९,९२,२७** | **४८,१४,६७** |

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.८६ लाख ८९ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

७४. **सेवा प्रवाह -** अस्पतालको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | ओ.पी.डी बिरामी सङ्ख्या | ८३१६४ | १५८१३२ | ११८३९३ |
| २ | इमर्जेन्सी बिरामी सङ्ख्या | ११४४९ | ८३३३ | ९३३६ |
| ३ | बिरामी भर्ना सङ्ख्या | १८७६ | १३४६ | १८०० |
| ४ | बेड अकुपेन्सी दर (प्रतिशत) | २९ | २३ | २८ |
| ५ | अस्पतालमा बिरामीको औसत बसाइ (दिन) | ४.५ | ४.७ | ४.६ |
| ६ | बिरामीको मृत्यु दर (प्रतिशत) | २.३ | ३.४ | २.१६ |
| ७ | रेफर गरिएका बिरामी सङ्ख्या | ११९ | ८९ | १३७ |

उल्लिखित तथ्याङ्कअनुसार गत वर्षको तुलनामा बहिरङ्ग बिरामी संख्या घटे तापनि आकस्मिक सेवा लिने, भर्ना हुने र रेफर हुने बिरामी सङ्ख्यामा वृद्धि भएको छ। अस्पतालले गुणस्तरीय सेवा प्रदान गरी रेफर हुने बिरामी सङ्ख्या घटाउनुपर्दछ।

७५. **म्याद गुज्रेका औषधी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा जिन्सी मालसामानको संरक्षणसम्बन्धी व्यवस्था छ। अस्पतालले २०७८।७९ मा रु.१३० का दरले खरिद गरेको ५० हजार एन.ए.डी.सी.सी. ट्याबलेट २०७९।८० मा खर्च देखाई २०८०।८१ मा रु.९० का दरले ६५ हजार ट्याबलेट खरिद गरेको देखिन्छ। भौतिक परीक्षण गर्दा रु.१ करोड २३ लाख ५६ हजार मूल्यका १ लाख १५ हजार एन.ए.डी.सी.सी. ट्याबलेट मौज्दातमा रहेको र ती सबै औषधीको म्याद समाप्त भएको पाइयो। म्याद समाप्त भई मौज्दातमा रहेको औषधी सम्बन्धित आपूर्तिकर्ताबाट प्रतिस्थापन गर्नुपर्दछ।

७६. **स्वास्थ्य सामग्री आवश्यकता पहिचान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा आवश्यकता पहिचान गरी खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालको जिन्सी खातामा रु.६४ लाख ५६ हजारको एक्जामिनेशन ग्लोब, बी.पी. कफ, गार्बेज ब्यागलगायतका ६ प्रकारका मालसामान मौज्दातमा देखिएकोमा पुनः रु.१ करोड १ लाख ३९ हजार मूल्यको खरिद गरेको छ। अस्पतालले पेस गरेको विवरणअनुसार रु.७२ लाख ६० हजार मूल्यका ५ थान लिड ई.सी.जी.केबुल ३०० सेट प्रयोगविहीन अवस्थामा रहेका छन्। अस्पतालले आवश्यकता पहिचान तथा मौज्दात यकिन गरी खरिद गर्नुपर्दछ।

## परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल

सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल विकास समिति गठन आदेश, २०४६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ। अस्पतालले ४८९ शय्या सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ।

७७. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ५५४३६४ | ५४५६२२ |
| नेपाल सरकारको अनुदान | ४७४०२७ | ४४९७४२ |
| आन्तरिक आय | ५७४२२९ | ४९११४६ |
| **जम्मा आय** | **१६०२६२०** | **१४८६५१०** |
| सञ्चालन खर्च | ६६०३५६ | ४६७४३२ |
| कर्मचारी खर्च | ४३०६५७ | ४६४७१४ |
| बाँकी मौज्दात | ५११६०७ | ५५४३६४ |
| **जम्मा** | **१६०२६२०** | **१४८६५१०** |

अस्पतालको आन्तरिक आय रु.५७ करोड ४२ लाख २९ हजार रहेकोमा सञ्चालन खर्च रु.६६ करोड ३ लाख ५६ हजार रहेको छ। अस्पतालमा आन्तरिक आयको तुलनामा सञ्चालन खर्च बढी खर्च भएकोले सञ्चालन खर्च नियन्त्रण गर्नुपर्दछ।

७८. **प्रसूति तथा सिजरिन सेवा -** विश्व स्वास्थ्य सङ्गठनको अध्ययनले शल्यक्रिया (सिजरिन विधि)बाट प्रसूति गराउँदा १० प्रतिशतले मातृशिशुको मृत्युदरमा कमी ल्याउने र १० देखि १५ प्रतिशतको दर आदर्श दर हुने तथा उक्त विधिबाट प्रसूति सेवा दिँदा आमा र बच्चामा अल्पकालीन तथा दीर्घकालीन असर पर्ने बेहोरासमेत औँल्याएको देखिन्छ। अस्पतालबाट प्राप्त तथ्याङ्कअनुसार प्रसूति सेवाको विगत तीन वर्षको स्थिति देहायअनुसार छः

| विवरण | २०७९।८० | प्रतिशत | २०८०।८१ | प्रतिशत | २०८१।८२ | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा प्रसूति सेवा | २४६७२ | १०० | २२८९७ | १०० | २०५१९ | १०० |
| सामान्य प्रसूति सेवा | १२१९३ | ४९.४२ | १०५८७ | ४६.२३ | ९५३८ | ४६.४८ |
| असामान्य प्रसूति सेवा | १२४७९ | ५०.५८ | १२३१० | ५३.७७ | २३९० | ११.६५ |
| लोयर सेक्सन सिजरिन सेक्सन | ९८२१ | ३९.८० | १०१७० | ४४.४२ | ८५९१ | ४१.८७ |

उल्लिखित तथ्याङ्कबाट गत वर्षको तुलनामा यो वर्ष प्रसूति सेवा लिनेको सङ्ख्या तथा सिजरिनको दर घटेको देखिन्छ।

७९. **आई.भी.एफ.सेवा -** अस्पतालसँग वार्षिक ५० जनासम्मलाई आई.भी.एफ.सेवा दिन सक्ने पूर्वाधार रहेको छ। अस्पतालले यो वर्ष १३ हजार ३ जनालाई आई.भी.एफ.सेवालगायत निःसन्तान सेवा प्रदान गरेको छ।

## भेरी अस्पताल

सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न भेरी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ।

८०. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ९३३१ | ८८१८ |
| नेपाल सरकारको अनुदान | ८६८८८८ | ४५२४४५ |
| आन्तरिक आय | १२८४०८ | २९६९४६ |
| अन्य आय | ८५९०८ | ६८२३ |
| **जम्मा आय** | **१०९२५३५** | **७६५०३२** |
| चालु खर्च | ५११०६२ | ७४६३१८ |
| प्रत्यक्ष खर्च | ४५६६०५ | - |
| अन्य खर्च | १४२०२ | ५६४ |
| बाँकी मौज्दात | ११०६६६ | १८१५० |
| **जम्मा व्यय** | **१०९२५३५** | **७६५०३२** |

आन्तरिक आय गत वर्षको तुलनामा १३१.२५ प्रतिशतले घटेको छ। गत वर्ष बाँकी मौज्दात रु.१ करोड ८१ लाख ५० हजार रहेकोमा अस्पतालले यो वर्ष रु.९३ लाख ३१ हजार मात्र जिम्मेवारी सारेकोले रु.८८ लाख १९ हजार घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

८१. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क.सं | सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| १ | बहिरङ्ग बिरामी सङ्ख्या | १४०६९० | १६२७९८ | १६६४७६ |
| २ | अन्तरङ्ग बिरामी सङ्ख्या | १४१२४ | १३८०१ | १५२३० |
| ३ | आकस्मिक सेवा बिरामी सङ्ख्या | २८५७४ | २६३४९ | ३५३३९ |
| ४ | प्याथोलोजी सेवा (सङ्ख्या) | ४७२६९ | ५९३९६ | ७६७७६ |
| ५ | सिटी स्क्यान (सङ्ख्या) | २९०१ | १७६६ | २०४ |
| ६ | एम.आर.आई. (सङ्ख्या) | - | १२५ | ९६० |
| ७ | अल्ट्रा साउण्ड (सङ्ख्या) | २३८२७ | २६३१८ | २९३१० |
| ८ | एक्सरे (सङ्ख्या) | २४०१ | २८६० | ३००४६ |
| ९ | मेजर सर्जरी (सङ्ख्या) | २४०१ | २८६० | २११५ |
| १० | माइनर सर्जरी (सङ्ख्या) | ४१६ | ५८६ | ३८८ |
| ११ | विपन्न नागरिक सेवा (सङ्ख्या) | ८०५८ | १२०४२ | ९०९ |

गत वर्षको तुलनामा आकस्मिक सेवा, बहिरङ्ग, अन्तरङ्ग, प्याथोलोजी र अल्ट्रासाउन्डको सङ्ख्या बढ्दै गएकोमा सर्जरी (मेजर/माइनर) तथा विपन्न नागरिक सेवा संख्या गत वर्षको तुलनामा घटेको देखिन्छ। अस्पतालले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८२. **दायित्व -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा चालु वर्षको बजेटले नखाम्ने र बढी खर्च हुनेगरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। अस्पतालले विभिन्न २३९ आपूर्तकलाई रु.४ करोड ५६ लाख ४५ हजार भुक्तानी दिन बाँकी रहेकोमा यो वर्षको बजेट तथा कार्यक्रममा समावेश नगरी भुक्तानी दिएको छ।

## सुशील कोइराला प्रखर क्यान्सर अस्पताल

क्यान्सरबाट प्रभावित व्यक्तिको रोगको निदान र उपचारको लागि आवश्यक गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र क्यान्सरसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले २०७३।१२।३ मा यस अस्पतालको स्थापनामा भई सञ्चालनमा रहेको छ।

८३. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ३९१६४ | ० |
| नेपाल सरकारको अनुदान | १७५२३४ | २१६०७९ |
| आन्तरिक आय | १९५१५३ | १४४२०१ |
| अन्य आय | ३६६० | ३७१६ |
| **जम्मा आय** | **४१३२११** | **३६३९९६** |
| चालु खर्च | २०५३०२ | १४७६८८ |
| प्रत्यक्ष खर्च | १५१५४९ | १२७९२८ |
| अन्य खर्च | ७२४६ | ११६११६ |
| बाँकी मौज्दात | ४९११४ | (२७७३६) |
| **जम्मा व्यय** | **४१३२११** | **३६३९९६** |

अस्पतालको आय-व्यय विवरणअनुसार आम्दानीको तुलनामा खर्च ९७.०३ प्रतिशत देखिएकोले आन्तरिक आयस्रोत वृद्धि गर्नुका साथै खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। अस्पतालको गत वर्षको अन्तिम मौज्दात रु.२ करोड ७७ लाख ३६ हजार ऋणात्मक रहेकोमा यस वर्ष रु.३ करोड ९१ लाख ६४ हजार जिम्मेवारी सारेकोले यस सम्बन्धमा यकिन गर्नुपर्दछ।

८४. **सेवा प्रवाह -** अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं | सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|---|
| | | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| १ | ओ.पी.डी. सेवा (सङ्ख्या) | ३०८१५ | ३२८२३ | ३६९३२ |
| २ | बिरामी भर्ना (सङ्ख्या) | १४४९ | २४१५ | २५९३ |
| ३ | प्याथोलोजी सेवा (सङ्ख्या) | २१२४४ | २२९८१ | २५८८७ |
| ४ | सी.टी. स्क्यान सेवा (सङ्ख्या) | १७४० | ११९६ | १८११ |
| ५ | अल्ट्रासाउण्ड सेवा (सङ्ख्या) | ५४१२ | ३७८७ | ५४४० |
| ६ | एक्स-रे सेवा (सङ्ख्या) | ४३६० | ३६८३ | ३३०३ |
| ७ | सर्जरी सेवा (सङ्ख्या) | ६८२ | ४७८ | ७०९ |
| ८ | केमोथेरापी सेवा (सङ्ख्या) | २००१ | ४९२२ | ४०८२ |
| ९ | ब्राकीथेरापी सेवा (सङ्ख्या) | ९० | ३८ | ५२ |
| १० | म्यामोग्राफी सेवा (सङ्ख्या) | - | - | ४७१ |
| ११ | रेडियोथेरापी सेवा (सङ्ख्या) | - | - | १४० |
| १२ | विपन्न नागरिक सेवा (सङ्ख्या) | ९४७ | १११० | १३१७ |

उल्लिखित विवरणअनुसार अस्पतालबाट प्रदान गरिने सेवा गत वर्षको तुलनामा यो वर्ष वृद्धि भएको देखिन्छ। अस्पतालबाट उपलब्ध गराइने सेवालाई व्यवस्थित गर्नुपर्दछ।

## भरतपुर अस्पताल

जनतालाई सुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्न भरतपुर अस्पताल विकास समिति (गठन) आदेश, २०७६ अनुसार यो अस्पताल सञ्चालनमा रहेको छ।

८५. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ४३९०६४ | ५८१३५९ |
| नेपाल सरकारको अनुदान | ४१९१०९ | ४७३२२० |
| सेवा सञ्चालन आम्दानी | १८३५११२ | १५५९१३२ |
| अन्य आय | ८४२४ | १४८३० |
| **जम्मा आय** | **२७०१७०९** | **२६२८५४२** |
| सञ्चालन खर्च | ४१९१०९ | ४७३२२१ |
| कर्मचारी खर्च | ३५२८७९ | ० |
| प्रत्यक्ष खर्च | १३४८५६९ | १४६९७७६ |
| अन्य खर्च | १२२५६ | ५६८६ |
| बाँकी मौज्दात | ५६८८९६ | ६७९८५९ |
| **जम्मा व्यय** | **२७०१७०९** | **२६२८५४२** |

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.२४ करोड ७ लाख ९५ हजारले घटी सारेकोमा सोको खुलासा गरेको छैन।

८६. **सेवा प्रवाह -** अस्पतालबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| बहिरङ्ग बिरामी सङ्ख्या | ३०७१२१ | ४५६१५९ | ४३१५९५ |
| अन्तरङ्ग बिरामी सङ्ख्या | ३११३७ | २८४०४ | २६५४९ |
| आकस्मिक सेवा सङ्ख्या | ५०८०१ | ५९३१० | ७४३१० |
| **जम्मा** | **३८९०५९** | **५४३८७३** | **५३२४५४** |
| बेड अकुपेन्सी दर | ८२.८६ | ९२ | ९३ |
| औसत बसाइ दर (दिन) | ४.०१ | ४.१३ | ४.३५ |
| कुल बेड सङ्ख्या | ६०० | ६०० | ६०० |
| निःशुल्क बेड सङ्ख्या | ४२० | ४२० | ४२० |
| ज्येष्ठनागरिक (जेरियाट्रिक)बेड सङ्ख्या | १० | १२ | २० |
| सी.एस.दर | ४०.४४ | ४६.७१ | ४५.८९ |
| बिरामी मृत्यु | ३०६ | ३८० | ३९९ |
| औसत रेडियोग्राफी इमेज प्रति दिन | ४८८ | ५६१ | ६१५ |
| औसत ल्याब टेस्ट प्रति दिन | २८०५ | ३३६७ | ३५६६ |

| सेवाको विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
| ओ.सी.एम.सी सेवा प्रवाह (सङ्ख्या) | ३२७ | २६७ | २४६ |
| सामाजिक सेवा एकाइबाट सेवा प्रवाह (सङ्ख्या) | ९०४४ | ११९९१ | १२४५४ |

उल्लिखित तथ्याङ्कअनुसार गत वर्षको तुलनामा बहिरङ्ग, अन्तरङ्ग विरामी सङ्ख्या घटेको तथा आकस्मिक सेवा लिने र औसत बसाई दरमा वृद्धि भएको छ। नेपाल सरकारबाट १५० शय्याको स्वीकृति भए तापनि अस्पतालमा ६०० शय्या सञ्चालनमा रहेका छन्। अस्पतालले सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

८७. **आय ठेक्का -** अस्पतालले २०७४।७।२१ मा एक रेष्टुरेन्ट तथा स्टोर्स सञ्चालनको लागि एक प्रोप्राइटरसँग ५ वर्षको लागि रु.२ करोड ९३ लाख ८६ हजारको सम्झौता गरेको देखिन्छ। सम्झौता सर्तको बुँदा नं.९ मा क्यान्टिन सञ्चालन अवधि ५ वर्षको हुने र सो अवधि पूरा भएपछि सूचना आव्हान गरिने व्यवस्था रहेकोमा २०७९।५।१३ को निर्णयबाट हरेक वर्ष १० प्रतिशतका दरले भाडा थप गर्नेगरी अर्को ५ वर्षका लागि म्याद थप गरी यो वर्ष रु.८ करोड ८१ लाख १३ हजार भाडा प्राप्त गरेको देखिन्छ। सूचना आव्हान र प्रतिस्पर्धा नगराई आय ठेक्का दिने कार्य नियमसम्मत देखिएन।

८८. **जग्गा लिज -** सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ मा भोगाधिकार दिएको जग्गा लिजमा परिणत गर्नुपर्ने उल्लेख छ। अस्पतालको ४ बिघा जग्गा एक संस्था अन्तर्गत सञ्चालित आँखा अस्पताललाई भोगाधिकार दिएको देखिन्छ। सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ बमोजिम उक्त जग्गा लिजमा परिणत भएको देखिएन। आफ्नो स्वामित्वका जग्गा कानुनको रीत पुऱ्याई उपयोगमा ल्याउनुपर्दछ।

८९. **ज्यालादारीमा नियुक्ति -** भरतपुर अस्पताल कर्मचारी नियमावली, २०६६ को नियम ६.२ मा अस्पतालको सेवाको काममा तत्काल नियुक्त नगरेमा गम्भीर असर पर्ने भएमा मेडिकल सुपरिटेन्डेन्टले सो पदका लागि तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मको लागि नियुक्त गरी काममा लगाउन सक्ने तर ५ महिनाभन्दा बढी अवधिको नियुक्ति गर्न नपाइने व्यवस्था छ। अस्पतालले यो वर्ष दरबन्दी बाहिरका ३०६ कर्मचारी ज्यालादारीमा नियुक्त गरी रु.१२ करोड ५८ लाख ८५ हजार खर्च लेखेको छ। कानुन विपरीत कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## कान्ति बाल अस्पताल

देशभरका बालबालिकालाई आधारभूतदेखि विशिष्टीकृतसम्मका सबै स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप स्थापना भएको यो अस्पताल २०२७ साउनदेखि ५० शय्या र हाल ३५० शय्यामा सञ्चालित छ।

९०. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ४०९८४३ | ३५१९१० |
| सेवा सञ्चालन आम्दानी | ३७३६४५ | ३१९७६५ |
| अन्य आय | ५२७९ | १००५४ |

| | | |
|---|---|---|
| **जम्मा आय** | **७८८७६८** | **६८१७२९** |
| सञ्चालन खर्च | ७७६१०७ | ६८४१८६ |
| कर्मचारी खर्च | ७१५३ | - |
| अन्य खर्च | ६९७० | ८३७२ |
| **जम्मा व्यय** | **७९०२३२** | **६९२५५८** |
| बचत | (१४६३) | (१०८२९) |

अस्पतालको आम्दानी गत वर्षभन्दा यो वर्ष वृद्धि भए तापनि खर्चसमेत सोही अनुपातमा वृद्धि भई मौज्दात ऋणात्मक रहेको देखिन्छ। अस्पतालले आन्तरिक स्रोत परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

९१. **सेवा प्रवाह -** अस्पतालको अभिलेखअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| बहिरङ्ग सेवा (सङ्ख्या) | १४६२४९ | १५२४१३ | १६८९४३ |
| इमर्जेन्सी सेवा (सङ्ख्या) | ५३००७ | ५१८८६ | ५४९९४ |
| अन्तरङ्ग सेवा (सङ्ख्या) | ९५३३ | ९६८५ | १०५६५ |
| शय्या उपयोग दर (प्रतिशत) | ७७ | ७७ | ७७ |
| बिरामीको औसत बसाइ दर (दिन) | ७.५ | ७.४ | ७ |
| निरोधात्मक सेवा (सङ्ख्या) | ४२८१ | ३९८५ | ३६३० |
| ई.सी.जी.सेवा (सङ्ख्या) | ९२१ | १०४७ | ९६७ |
| रेडियोलजी सेवा (सङ्ख्या) | ७६४११ | ८०३८० | ८८५९६ |
| निःशुल्क स्वास्थ्य सेवा (सङ्ख्या) | ९८७ | ९६६ | ७१४ |
| कोलोनोस्कोपी सेवा (सङ्ख्या) | नभएको | ११ | १४ |
| ब्रोनोस्कोपी सेवा (सङ्ख्या) | नभएको | ९९ | १११ |
| ल्याब परीक्षण सङ्ख्या | ५२४७५९ | ५३७४३९ | ४४४४९० |

बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक बिरामी सङ्ख्या तुलनात्मक रूपमा बढेको तर निःशुल्क स्वास्थ्य सेवा, निरोधात्मक सेवा, ई.सी.जी.सेवा घटेको देखिन्छ। बिरामीले साधारण प्रकृतिका परीक्षण सेवासमेत सोही दिन प्राप्त गर्न नसक्ने अवस्था रहेको देखिन्छ। सामान्य शल्यक्रियाको लागि ३ महिनासम्म र जटिल शल्यक्रियाको लागि ६ महिनादेखि १ वर्षसम्म प्रतीक्षा गर्नुपर्ने अवस्था छ।

९२. **दरबन्दी भन्दा बढी कर्मचारी -** स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११ मा पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारी नियुक्त गर्न नहुने उल्लेख छ। यो वर्ष अस्पतालमा सि.अ.हे.व., स्टाफ नर्स, ल्याब टेक्निसियनलगायतका १४ कर्मचारीका पद फाजिल र पुल दरबन्दीमा राखी रु.६६ लाख ७८ हजार पारिश्रमिक खर्च लेखेको  छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

९३. **छुट तथा सहुलियत -** विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका, २०७५ तथा विपन्न नागरिक औषधी उपचार कार्यक्रम सञ्चालन निर्देशिका,२०८० ले विपन्न औषधी उपचारबापत सहायता दिने

व्यवस्था छ। सोबमोजिम यो वर्ष अस्पतालबाट २ हजार ६१० जनालाई ल्याब परीक्षणमा रु.६५ लाख ३३ हजार र औषधी वितरणमा रु.६६ लाख १३ हजारसमेत रु.१ करोड २४ लाख ४२ हजारको छुट तथा सहुलियत प्रदान गरेको छ। छुट तथा सहुलियत पाउनेको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

## कोशी अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले कोशी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालनमा रहेको छ। यसको स्वीकृत शय्या संख्या ३५० भए पनि ३०६ शय्याबाट उपचार हुँदै आएको छ।

९४. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | १,९६,१० | ५,७५,७९ |
| नेपाल सरकारको अनुदान | ४४,७७,२९ | ४२,०८,६९ |
| आन्तरिक आय | ४४,७३,८६ | ५०,७९,२६ |
| अन्य आय | १,६६,०८ | ५०,०० |
| **जम्मा आय** | **९३,१३,३३** | **९९,१३,७४** |
| चालु खर्च | ८३,५०,६४ | ९१,१५,६१ |
| पुँजीगत खर्च | ५,९७,५८ | ५,१४,९७ |
| अन्य खर्च | २० | ८७,०२ |
| बाँकी मौज्दात | ३,६४,९० | १,९६,१४ |
| **जम्मा व्यय** | **९३,१३,३२** | **९९,१३,७४** |

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी भन्दा रु.४ हजार घटी सारेकोमा सोको खुलासा गरेको छैन।

९५. **सेवा प्रवाह** - अस्पतालबाट प्राप्त विवरणअनुसार यो वर्ष अस्पतालले आकस्मिक सेवा ३७ हजार ११, बहिरङ्ग सेवा २ लाख ६५ हजार ८८, अन्तरङ्ग सेवा १५ हजार ६२० जनालाई प्रदान गरेको छ। अस्पतालमा पर्याप्त जनशक्ति तथा उपकरणको व्यवस्था मिलाई प्रभावकारी सेवा प्रवाह गर्नुपर्दछ।

९६. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। अस्पतालको सूचना अनुसार पहिलो पटक सबै आइटममा बोलपत्र सूचना नभएको अवस्थामा पुनः बोलपत्र आह्वान गर्नुपर्नेमा सो नगरी यो वर्ष गत वर्षको सम्झौताको दररेटअनुसार रु.१ करोड ८५ लाख ३३ हजारको औषधी खरिद गरेको छ। सोको अलावा रु.३ करोड २७ लाख ७३ हजार सोझै खरिद विधिबाट औषधी खरिद गरेको छ। नियमावलीको व्यवस्थाबमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन गरी खरिद गर्नुपर्दछ।

९७. **सम्पत्ति संरक्षण** - अस्पताल विकास समिति (गठन) आदेश, २०७६ मा भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भार गर्ने कर्तव्य अस्पताल विकास समितिको हुने उल्लेख छ। अस्पतालको स्वामित्वमा ५ विघा ९ कठ्ठा जग्गा रहेकोमा एक मन्दिर व्यवस्थापन समितिले २ कठ्ठा ५ धुर, एक संस्थाले ६ कठ्ठा

६ धुर, एक पुस्तकालयले ३ कट्ठा ५ धुर र नेपाल रेडक्रस सोसाइटीले २ कट्ठा जग्गा उपयोग गरेको देखियो। अस्पतालले ती संस्थालाई जग्गा प्रयोग गर्न दिने गरी सम्झौता गरेको छैन। ती संस्थाले कार्यालय सञ्चालनका साथै करिब २० सटर भाडामासमेत लगाएकोमा अस्पताललाई सोबापत कुनै आम्दानी प्राप्त भएको देखिँदैन। अस्पतालको सम्पत्तिको उचित संरक्षण तथा उपयोग हुनुपर्दछ।

९८. **ज्यालादारी कर्मचारी** - कोशी अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा तोकिएको योग्यता पुगेका व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मका लागि नियुक्त गरी काममा लगाउन सक्ने र त्यसरी नियुक्त भएका कर्मचारीलाई ६ महिनाभन्दा बढी अवधिको निमित्त नियुक्त नगरिने व्यवस्था छ। अस्पतालले बायोमेडिकल इन्जिनियर, सिभिल इन्जिनियर, मेडिकल अफिसर र कार्यालय सहयोगीलगायतका दरबन्दी बाहिरका ९१ कर्मचारी नियुक्त गरी रु.२ करोड ३३ लाख ९८ हजार खर्च लेखेको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

## नारायणी अस्पताल

स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नारायणी अस्पताल विकास समिति (गठन) आदेश, २०७६ बमोजिम यो अस्पताल सञ्चालित छ।

९९. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ६०९९४३ | ३३२९३१ |
| सेवा सञ्चालन आम्दानी | २८१०३७ | २६२३४४ |
| अन्य आय | २४६९८ | ७७७४ |
| **जम्मा आय** | **९१५६८०** | **६०३०४९** |
| सञ्चालन खर्च | २९,४०,८२ | ६२,१६,९१ |
| कर्मचारी खर्च | ५२,५२,८० | - |
| अन्य खर्च | १,०३,८३ | ३३,५१ |
| **जम्मा व्यय** | **८२,९७,४६** | **६२,५०,४२** |
| बचत (न्यून) | ८,५९,३४ | (२,१९,९४) |

अस्पतालको वित्तीय स्थिति गत वर्ष रु.२ करोड १९ लाख ९४ हजार ऋणात्मक रहेकोमा यो वर्ष रु.८ करोड ५९ लाख ३४ हजार बचत रहेको छ।

१००. **सेवा प्रवाह** - अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| सूचक | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| बहिरङ्ग बिरामी सङ्ख्या | २२०८५३ | २१८७६१ | १८६३५७ |
| आकस्मिक सेवा सङ्ख्या | ४५४४२ | ४७७५७ | ६२५३० |
| अन्तरङ्ग बिरामी सङ्ख्या | १७६५४ | १८११९ | १५६१४ |
| जम्मा बिरामी सङ्ख्या | २८३९४९ | २८४६३७ | २६४५०१ |
| शय्या अकुपेन्सी (प्रतिशत) | ९२ | ९३ | ९३.५ |
| औसत बसाई अवधि दिन | ४.२ | ४.८ | ४.९ |

| सूचक | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|
| जम्मा शय्या सङ्ख्या | ३०० | ३०० | ३०० |
| निशुल्क शय्या सङ्ख्या | २७५ | २७५ | २७५ |
| ज्येष्ठ नागरिक जेरियाट्रिक शय्या सङ्ख्या | ५ | ५ | ५ |

अस्पतालले गत वर्षको तुलनामा सेवा प्रवाह गरेका बिरामी सङ्ख्या घटेकोमा बिरामीको औसत बसाइ अवधि बढेको छ।

१०१. **ज्यालादारीमा नियुक्ति -** नारायणी उपक्षेत्रीय अस्पताल नियमावली, २०६३ को नियम ६.२ मा तोकिएको योग्यता पुगेका कुनै व्यक्तिलाई दैनिक ज्यालादारीमा बढीमा एक महिनासम्मको लागि नियुक्त गरी काममा लगाउनसक्ने र ५ महिनाभन्दा बढी अवधिको लागि नियुक्ति गर्न नपाइने व्यवस्था छ। अस्पतालले १२१ कर्मचारीलाई ज्यालादारीमा नियुक्त गरी रु.३ करोड ५१ लाख ९० हजार खर्च लेखेको छ। स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१०२. **अर्थोस्कोपी भिजुअलाइजेसन मेसिन -** अस्पतालले एक प्रा.लि. सँग फोर के अर्थोस्कोपी भिजुअलाइजेसन मेसिन १ थान रु.२ करोड ७ लाख २४ हजारमा खरिद गरी भुक्तानी गरेको छ। यस उपकरणको मुख्य पार्टसको रूपमा फोर के क्यामरा रहेको देखिन्छ। आपूर्तिकर्ताले पेस गरेको प्राबिधिक बोलपत्रसँगै पेस गरेको फोर के क्यामरा सिस्टमको क्याटलगअनुसार क्यामरा एक्सेसेरिजअन्तर्गत दुई वटा लेन्स कप्लर आपूर्तिकर्ताले उपलब्ध गराउनुपर्ने देखिन्छ। तर आपूर्तिकर्ताले अस्पताललाई एउटा मात्र लेन्सकप्लर आपूर्ति गरेकोले बाँकी लेन्सकप्लरसमेत सम्झौताअनुसार आपूर्ति गर्न लगाउनुपर्दछ।

## राष्ट्रिय ट्रमा सेन्टर

आकस्मिक घटना, दुर्घटना, प्राकृतिक प्रकोप, कुटपिट, चोटपटक आदिबाट घाइते भएका व्यक्ति तथा ट्रमासम्बन्धी रोगबाट पीडित बिरामीहरूलाई प्रभावकारी एवं गुणात्मक रूपले स्वास्थ्य सेवा, ट्रमासम्बन्धी उपचारको क्षेत्रमा आवश्यक जनशक्ति तयार गर्ने उद्देश्यले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ अनुसार २०७१ सालमा यस सेन्टरको स्थापना भएको हो। आकस्मिक शय्यासमेत २३३ शय्या रहेको यस सेन्टरले अर्थोपेडिक्स, न्यूरो, बर्न प्लास्टिक सी.टी.भी.एस.र पोस्ट अपरेसनसमेत ४ वार्डबाट सेवा प्रवाह गर्दै आएको छ।

१०३. **आय-व्यय -** सेन्टरको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | २५६३५ | २५८२६ |
| नेपाल सरकारको अनुदान | ६५५८९३ | ६४८२७८ |
| आन्तरिक आय | २३२०३९ | ५७८२१४ |
| अन्य आय | २६९१९८ | - |
| **जम्मा आय** | **११८२७६५** | **१२५२३१८** |
| चालु खर्च | ९९८५१६ | ६४८२७८ |
| पुँजीगत खर्च | १५६०२४ | ५२१२६३ |
| बाँकी मौज्दात | २८२२५ | ८२७७७ |
| **जम्मा** | **११८२७६५** | **१२५२३१८** |

सेन्टरले यो वर्ष गत वर्षको रु.५ करोड ७१ लाख ४२ हजार घटी जिम्मेवारी सारेकोमा सो को खुलासा गरेको छैन।

१०४. **सेवा प्रवाह -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रूपमा प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। अस्पतालले ४ वार्डबाट सेवा प्रवाह गर्दै आएकोमा कुल शय्यामध्ये अन्तरङ्गतर्फ साधारण १६०, आईसीयू ११, एच.डी.यू. ७, पोष्ट अपरेटिभ ७ र इमर्जेन्सीतर्फ ३३ सञ्चालनमा रहेका छन्। अस्पतालले यो वर्ष आकस्मिक सेवा १८ हजार ३९८, बहिरङ्ग सेवा १ लाख १४ हजार ७८८, अन्तरङ्ग सेवा ६ हजार ३८० र शल्यक्रियातर्फ ७ हजार ८१७ जनालाई सेवा प्रदान गरेको छ।

१०५. **मेसिन उपकरण -** अस्पतालको सेवाका लागि आवश्यक मात्रामा मेसिन उपकरण हुनुका साथै उपलब्ध भएका मेसिन उपकरण सञ्चालन हुनुपर्दछ। सेन्टरमा भारत सरकारबाट अनुदानमा प्राप्त भएको रु.५ करोड ३७ लाख ८२ हजार मूल्यको क्याथल्याब मेसिन मुटु रोगको उपचारमा आवश्यक दक्ष जनशक्तिको अभावमा २०७२ देखि उपयोगविहीन रहनुका साथै नेपाल सरकारबाट २०७९ मा प्राप्त भएको रु.२० करोड ४० लाख मूल्यको सीटी स्क्यान सिस्टम, भारत सरकारबाट अनुदानमा प्राप्त भएको रु.२ करोड ५१ लाख ३२ हजार मूल्यका १४ थान भेन्टिलेटर, रु.८६ लाख ११ हजार मूल्यका ५ थान सी आर्म मेसिन र रु.९९ लाख ६६ हजार पर्ने ब्याकमान काउल्टरसमेत मर्मतको अभावमा उपयोगविहीन अवस्थामा रहेका छन्।

## शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र

हृदयरोगको निदान, उपचार तथा हृदयरोगीको पुनर्स्थापनाको लागि आवश्यक उच्चस्तरीय स्वास्थ्य सेवा सर्व सुलभ रूपमा प्रदान गरी हृदय रोगीलाई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउन तथा हृदय रोगसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गर्न शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम यस केन्द्रले कार्य गर्दै आएको छ।

१०६. **आय-व्यय -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ४१२५२३४ | ३,७०,२८,४० |
| नेपाल सरकारको अनुदान | ४६५२०० | ४५,०५,०० |
| आन्तरिक आय | २२२७२६२ | २,३२,५७,२३ |
| अन्य आय | १२२२९९ | १५,२२,९१ |
| **जम्मा आय** | **६९३९९९५** | **६,६३,१३,५४** |
| प्रत्यक्ष खर्च | २७९५०२८ | २४,८८,३९ |
| सञ्चालन खर्च | ९१८४६५ | २,४४,६३,२४ |
| बाँकी मौज्दात | ३२२६५०२ | ३,९३,६१,९१ |
| **जम्मा** | **६९३९९९५** | **६,६३,१३,५४** |

अस्पतालले यो वर्ष गत वर्षको जिम्मेवारी रु.१८ करोड ९० लाख ४३ हजार बढी सारेकोमा सोको खुलासा गरेको छैन।

१०७. **सेवा प्रवाह -** केन्द्रबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| विवरण | एकाइ | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| बहिरङ्ग सेवा | जना | १७७१४४ | २०४४४० | १९६२३७ |
| अन्तरङ्ग सेवा | जना | १४२८४ | १५३१७ | १४८२१ |
| आकस्मिक सेवा | जना | १८७६९ | २२५२२ | १७५७७ |
| मुटुको शल्यक्रिया | जना | १७१० | १८४३ | १९२७ |
| मृत्य भएका बिरामी | जना | ४७५ | ५२१ | ४२१ |

केन्द्रले प्रदान गर्ने सेवामध्ये मुटुको शल्यक्रियाबाहेक अन्य सेवामा गत वर्षको तुलनामा यो वर्ष बिरामीको सङ्ख्यामा कमी आएको देखिन्छ।

१०८. **घरजग्गा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४० मा घरजग्गाको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रीपरिषद्को २०५८।७।२७ को निर्णयका आधारमा १७ रोपनी ११ आना जग्गा अस्पतालको स्वामित्वमा रहने गरी भोगाधिकार दिएकोमा एक कित्ताको ७ रोपनी १३ आना जग्गाको जग्गाधनी पुर्जा प्राप्त भएको देखिएन। जग्गाधनी पुर्जा लिई जग्गा स्वामित्वमा लिनुपर्दछ।

## बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल

नेपालमा क्यान्सर रोगसम्बन्धी उच्चस्तरीय अध्ययन अनुसन्धानका लागि आवश्यक जनशक्ति तयार गरी यस क्षेत्रलाई आत्मनिर्भर बनाई क्यान्सर रोगको रोकथाम, सो रोगबाट ग्रसित व्यक्तिहरूको रोगको निदान र उपचारको लागि उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गरी मानवोचित जीवनयापन सक्षम तुल्याउन बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ बमोजिम यस अस्पतालको स्थापना भई सञ्चालनमा रहेको छ।

१०९. **आय-व्यय -** अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ३५५५४४ | ५४०१२० |
| नेपाल सरकारको अनुदान | ४७४३४५ | ४०५६२८ |
| आन्तरिक आय | ६४२९५७ | ५९६५४३ |
| अन्य आय | २९६५३१७ | १४३५४२३ |
| **जम्मा** | **४४३८१६३** | **२९७७७१४** |
| सञ्चालन खर्च | ११३०५५८ | १०७९८२८ |
| अन्य खर्च | २८५३५६९ | १५४२३४२ |
| बाँकी मौज्दात | ४५४०३६ | ३५५५४४ |
| **जम्मा** | **४४३८१६३** | **२९७७७१४** |

११०. **सेवा प्रवाह -** अस्पतालबाट यो वर्ष १ लाख १८ हजार ३९६ लाई प्रयोगशाला सेवा, १ लाख ९३ हजार २१९ लाई बहिरङ्ग सेवा र १२ हजार २२० लाई अन्तरङ्ग सेवा प्रदान गरेको देखियो। क्यान्सर रोगको पहिचान तथा निदान गर्ने उद्देश्यले स्थापना भएको यस अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा प्रवाहलाई थप गुणस्तरीय र सुदृढ बनाउँदै क्यान्सर रोगको निदान तथा उपचारको लागि बाह्य मुलुकमा जानुपर्ने अवस्थालाई न्यून गर्नुपर्दछ।

१११. **प्रयोगविहीन रेडियोधर्मी पदार्थ -** अस्पतालको स्थापनाकालदेखि क्यान्सर उपचारमा प्रयोग हुँदै आएको टेलिथेरापी मेसिन ४ वर्षदेखि पूर्णरूपमा उपयोगविहीन भई अस्पतालको बङ्करमा राखिएकोमा मेसिनभित्र रहेको रेडियोधर्मी स्रोतको आयु सकिँदै गएको भए तापनि यसको विकिरणको जोखिम कायमै रहने जोखिम रहेको छ। रेडियोधर्मी पदार्थको विसर्जनको लागि सम्बन्धित आपूर्तिकर्तासँग समन्वय गरी रेडियोधर्मी पदार्थ फिर्ता गर्ने व्यवस्था मिलाउनुपर्दछ।

## शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र

मृगौला, कलेजो जस्ता अङ्गहरूको प्रत्यारोपण सेवा उपलब्ध गराई नेपाली जनतालाइ सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले मानव अङ्ग प्रत्यारोपण विकास समिति (गठन आदेश) २०६८ बमोजिम यस केन्द्रको स्थापना भएको हो। केन्द्रले मृगौला, कलेजो प्रत्यारोपण, डायलासिस, अङ्गदान सम्बन्धी परामर्श र व्यवस्थापनसम्बन्धी सेवाहरू उपलब्ध गराउँदै आएको छ।

११२. **आय-व्यय -** केन्द्रको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ३७,८४,२५ | ३२०२८१ |
| नेपाल सरकारको अनुदान | २५,८२,५७ | २५४२६३ |
| आन्तरिक आय | ५१,४४,४१ | ४४२२५९ |
| अन्य आय | ३६,११ | १६३२ |
| **जम्मा आय** | **१,१५,४७,३४** | **१०१८४३५** |
| चालु खर्च | ७१,५६,०९ | ६२७३९५ |
| अन्य खर्च | - | २२८४ |
| बाँकी मौज्दात | ४३,९१,२५ | ३८८७५६ |
| **जम्मा** | **१,१५,४७,३४** | **१०१८४३५** |

अस्पतालले यो वर्ष गत वर्षको रु.१ करोड ३ लाख ३१ हजार घटी जिम्मेवारी सारेकोमा सोको खुलासा गरेको छैन।

११३. **सेवा प्रवाह -** केन्द्रको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १ | जटिल शल्यक्रिया (सङ्ख्या) | ७५७ | ७६५ | ५९४ |
| २ | सामान्य शल्यक्रिया (सङ्ख्या) | ८६८ | ९६९ | १०४९ |
| ३ | डायलासिस (सङ्ख्या) | २९८१५ | ३४६८४ | ४१४७३ |

| क्र.सं. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| ४ | सी.ए.पी.डी. (सङ्ख्या) | ३५ | २८ | १४९ |
| ५ | मृगौला प्रत्यारोपण (सङ्ख्या) | १८६ | १९४ | १८६ |
| ६ | कलेजो प्रत्यारोपण (सङ्ख्या) | २ | १५ | ८ |

अस्पतालले गरेको सेवा प्रवाहमध्ये डाइलासिस, सी.ए.पी.डी.को सङ्ख्यामा वृद्धि भए तापनि जटिल शल्यक्रिया, मृगौला तथा कलेजो प्रत्यारोपण गर्नेको सङ्ख्या गत वर्षको तुलनामा यो वर्ष घटेको देखिन्छ।

११४. **अस्पताल भवन** - केन्द्रले भक्तपुर अस्पतालले उपलब्ध गराएको जग्गा र भवनबाट सेवा सञ्चालन गर्दै आएको छ। सेवाग्राहीको सङ्ख्या बढ्दै जाँदा मौजुदा संरचनाबाट सेवा सञ्चालन गर्न कठिन भएकोले नेपाल सरकारबाट ३० वर्षको लागि भक्तपुर ३ झौखेलमा ३१ रोपनी ७ आना जग्गा अस्पताल निर्माणको लागि न्यूनतम वार्षिक रु.३ लाख ३२ हजार भाडा तिर्ने गरी लिजमा लिएको छ। भवनको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न, कम्पाउण्ड वाल लगाउन र भवन निर्माण गर्न बजेट विनियोजन भएकोमा जग्गाको सीमाङ्कन हुन नसक्दा खर्च हुन सकेको देखिएन। अस्पतालको भवन निर्माण गरी सेवा प्रवाह हुनुपर्दछ।

## भक्तपुर क्यान्सर अस्पताल

नेपाल सरकारले क्यान्सर रोगको रोकथाम, निदान, उपचार र प्यालिएटिभ सेवाको लागि उच्चस्तरीय तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लगायतका कार्यका लागि भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ बमोजिम यो अस्पताल स्थापना भई सञ्चालनमा रहेको छ।

११५. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ११,५१,९२ | १,८७,९६ |
| अस्पताल सेवा सञ्चालन | ४९,८८,१३ | ५५,४९,४३ |
| अन्य आय | ६०,५५ | १,३२,२८ |
| **जम्मा आय** | **६२,००,६०** | **५८,६९,७०** |
| कर्मचारी खर्च | २४,३०,५२ | २३,०६,५० |
| सञ्चालन खर्च | ८,६९,११ | ११,५९,४८ |
| प्रत्यक्ष खर्च | २२,७४,३९ | ८,०४,९९ |
| अन्य खर्च | ४,०६,९१ | ४,६३,२९ |
| **जम्मा व्यय** | **५९,८०,९३** | **४७,३४,२६** |
| बचत | २,१९,६७ | ११,३५,४४ |

अस्पतालको गत वर्ष रु.११ करोड ३५ लाख ४४ हजार बचत रहेकोमा यो वर्ष २ करोड १९ लाख ६७ हजार बचत देखिएको छ।

११६. **सेवा प्रवाह** - अस्पतालको विगत ३ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छः

| क्र.सं. | विवरण | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|
| १. | बहिरङ्ग सेवा (सङ्ख्या) | ८२९२४ | ९५५०४ | १०११५३ |
| २. | अन्तरङ्ग सेवा (सङ्ख्या) | ७५६१ | ८५६९ | ८४१४ |
| ३. | आकस्मिक सेवा (सङ्ख्या) | २७०५ | ३०४९ | ३२५९ |
| ४. | मेजर अप्रेसन (सङ्ख्या) | ८५५ | ९८९ | १०२४ |
| ५. | माइनर अप्रेसन (सङ्ख्या) | ८७८ | ८६९ | ९०९ |
| ६ | बेड अक्कुपेन्सी दर प्रतिशतमा | ७३ | ८५ | ८५ |
| ७ | रेडियोथेरापी (सङ्ख्या) | ९७९ | १०१४ | १३९४ |
| ८ | सीटीस्क्यान(सङ्ख्या) | ५४४४ | ६८९९ | ७७५१ |
| ९ | अन्यत्र रेफर गरिएका बिरामी (सङ्ख्या) | ९५ | ६६ | १०४ |
| १० | अस्पतालमा मृत्यु भएका (सङ्ख्या) | ३३१ | ३३० | ३८२ |

उल्लिखित विवरणअनुसार गत वर्षको तुलनामा यस वर्ष बहिरङ्ग सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्या ५.९१ प्रतिशतले, आकस्मिक सेवा प्राप्त गर्ने बिरामीको सङ्ख्या ६.८८ प्रतिशतले, सी.टी.स्क्यान मेसिन प्रयोग गरी सेवा लिने बिरामीको सङ्ख्या १२.३४ प्रतिशतले र रेडियोथेरापी सेवा लिने बिरामीको सङ्ख्या २८ प्रतिशतले वृद्धि भएको छ।

## गजेन्द्र नारायण सिंह अस्पताल

सर्वसाधारण जनतालाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको यस अस्पतालले बहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजनका साथै रेडियोलोजी, मेडिकल तथा सर्जिकललगायतका सेवा प्रदान गर्दै आएको छ।

११७. **आय-व्यय** - अस्पतालको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| गत वर्षको जिम्मेवारी | ८०८६ | ८९३१ |
| नेपाल सरकारको अनुदान | ४११४७८ | २८६१७३ |
| आन्तरिक आय | ८०५ | १०२३०० |
| अन्य आय | १२७५५२ | ३३१९ |
| **जम्मा आय** | **५४७९२१** | **४००७२३** |
| प्रत्यक्ष खर्च | ३९६२६० | ० |
| सञ्चालन खर्च | १२५८८९ | २८७९९० |
| अन्य खर्च | २७९९ | १०४५३९ |
| बाँकी मौज्दात | २२९७३ | ८१९४ |
| **जम्मा व्यय** | **५४७९२१** | **४००७२३** |

अस्पतालले यो वर्ष गत वर्षको रु.१ लाख ८ हजार घटी जिम्मेवारी सारेकोमा सोको खुलासा गरेको छैन।

११८. **सेवा प्रवाह** - अस्पतालको विगत २ वर्षको सेवा प्रवाह स्थिति निम्नानुसार छ।

| क.सं. | विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|---|
| १. | बहिरङ्ग सेवा (सङ्ख्या) | ६३९४४ | ६३५५६ |
| २. | आकस्मिक सेवा (सङ्ख्या) | १२३१२ | ११११६ |
| ३. | ई.सी.जी. (सङ्ख्या) | ५३७९ | ३६७३ |
| ४. | यू.एस.जी. (सङ्ख्या) | १४११७ | १०६८० |
| ५. | सी.टी.स्क्यान (सङ्ख्या) | २१९४ | १२७० |

उल्लिखित विवरणअनुसार अस्पतालबाट प्रदान गरिने सेवा गत वर्षको तुलनामा यो वर्ष वृद्धि भएको देखिन्छ। अस्पतालबाट उपलब्ध गराइने सेवालाई थप व्यवस्थित गर्नुपर्दछ।

११९. **प्रयोगविहीन उपकरण** - अस्पतालमा स्वास्थ्य सेवा विभागबाट हस्तान्तरण भई आएको एक्स रे मेसिन तथा अस्पतालबाट खरिद गरेको इण्डो युरोलोजी सेट, ल्याप्रोस्कोपी सिस्टम, एनेस्थेसिया मेसिन तथा इलेक्ट्रोकार्डियोलोजीलगायत रु.४ करोड ९० लाख ९५ हजार मूल्यका उपकरण हालसम्म प्रयोगविहीन अवस्थामा छन्। अस्पतालले आवश्यक पूर्वाधार निर्माण तथा जनशक्तिको व्यवस्थापन गरी उक्त उपकरण प्रयोगमा ल्याई स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

## गेटा अस्पताल कैलाली

सुदूरपश्चिम प्रदेशका नागरिकलाई गुणस्तरीय, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यो अस्पताल २०७९ देखि सञ्चालनमा रहेको छ।

१२०. **आय-व्यय** - अस्पतालको लागि गत वर्ष रु.७८ करोड ४१ लाख ९० हजार विनियोजन भएकोमा रु.७१ करोड ७७ लाख ३७ हजार (९१.५२ प्रतिशत) खर्च भएको र यो वर्ष रु.५२ करोड ६४ लाख ९८ हजार विनियोजन भएकोमा रु.४१ करोड ८२ लाख ८० हजार (७९.४५ प्रतिशत) खर्च भएको छ।

१२१. **सेवा प्रवाह** - अस्पतालले यो वर्ष बहिरङ्ग सेवा १ लाख ५० हजार ६३ जना र सामाजिक सुरक्षा एकाइमा ९८२ जनालाई सेवा प्रदान गरेको देखिन्छ।

## सिंहदरबार वैद्यखाना विकास समिति

गुणस्तरीय आयुर्वेदिक औषधी उत्पादन गरी बिक्री वितरण गर्न सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०७७ अनुसार यो समितिको गठन भएको हो। वैद्यखानाले विभिन्न प्रकारका आयुर्वेदिक औषधी उत्पादन गर्दै आएको छ।

१२२. **आय-व्यय** - समितिको आय-व्यय स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| नेपाल सरकारको अनुदान | ५१६९९ | ११४८२ |
| बिक्री/सेवा सञ्चालनबाट आम्दानी | २९८४० | १४८६९ |
| अन्य आय | ८६९६९ | १०८६५९ |

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| **जम्मा आय** | **१६८५०९** | **१३५०११** |
| सञ्चालन खर्च | १८९६० | १६४०८ |
| कर्मचारी खर्च | ३०६४३ | ३८७२३ |
| अन्य खर्च | ५८३६० | ११२ |
| **जम्मा व्यय** | **१०७९६३** | **५५२४४** |
| बचत/न्यून | ६०५४३ | ७९७६७ |

समितिले प्रचलित कानुनबमोजिम स्वीकृत लेखामानअनुसार वित्तीय विवरण तयार गरेको छैन।

१२३. **मेसिन उपकरणको उपयोग -** समितिको आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६३ मा जिन्सी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने गराउने व्यवस्था छ। समितिमा रहेका ८४ किसिमका मेसिनमध्ये सिङ्गल रोटरी ट्याब्लेटिङ्ग मेसिन, एयर कम्प्रेसर, इन्कजेट कोडर, डबल कोन ब्लेन्डर, अटोमेटिक हाइस्पिड लेबलिङ मेसिन, ब्वायलर, क्लोड मिल, इलेक्ट्रिक ट्रे ड्रायर, रोटरी रनर खल, अटोमेटिक क्याप्सुल फिल मेसिन तथा पाउडर फिलिङ्ग मेसिनलगायतका ६० प्रकारका मेसिन सञ्चालनमा रहेको देखिएन।

# अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा खरिद योजनाअनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, चौथो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्यसञ्चालन कोष र विविध खातातर्फको आय-व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, सोझै खरिद गरेको, भुक्तानीमा कर कट्टी नगरेको, पारिश्रमिक कर कट्टी नभएको, मेसिन उपकरण जडान एवं सेवा सञ्चालन नगरेको, मन्त्रालयबाट छनोट भई छात्रवृत्तिमा गएका विद्यार्थीले सम्झौता बमोजिम कार्य गरे नगरेकोमा अद्यावधिक लगत नराखेको लगायतका बेहोरा औंल्याएकोमा अधिकांश अस्पताल तथा स्वास्थ्य संस्था सोही अवस्थामा रहेको पाइयो। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजु रकमको विवरण देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ १५ निकायमा रू.५२ करोड ९६ लाख ६० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू. ५४ लाख १० हजार सम्परीक्षण भएकोले रू.५२ करोड ४२ लाख ५० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.२१ करोड ४५ लाख ६ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ।

  - सङ्गठित, अन्य संस्था र समिति २९ तर्फ रू.१ अर्ब ७० करोड ५९ लाख ५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रू.२४ करोड ४ लाख ४ हजार सम्परीक्षण भएकोले रू.१ अर्ब ४६ करोड ५५ लाख १ हजार बाँकी रहेको छ। सोमध्ये म्याद नाघेको पेस्की रू.१७ करोड ६६ लाख ४३ हजार रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ।